# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक ६२ | काठमाडौं | मंगलबार, १० असार २०८२ | Prabhab National Daily | Tuesday, June 24, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


## बजेट पारित गर्न सत्तारूढ दलका सांसदहरूलाई 'ह्विप'

- आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेट पारित गरिँदै
- कांग्रेस र एमालेद्वारा बजेटको पक्षमा मतदान गर्न ह्विप जारी
- बजेटमाथिको छलफलको क्रममा सत्तारूढ दलकै सांसदहरूबाट चर्को आलोचना



■ **जेबी योञ्जन**

**काठमाडौं–** आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट आज पारित गरिँदै छ । गत १५ जेठमा अर्थमन्त्री विष्णु पौडेलले १९ खर्ब ६४ अर्ब ११ करोडको बजेट ल्याएका थिए । इतिहासकै सर्वाधिक ठूलो आकारको बजेटमाथि झण्डै तीन साता छलफल भयो । आज भने उक्त बजेट पारित गर्ने संसद् बैठकको सम्भावित कार्यसूची छ ।

बजेटमाथिको छलफलको क्रममा विपक्षीमात्रै होइन, सत्तारूढ दलकै सांसदहरूले मन्त्रीहरूको विरोध गरेका छन् । केही सांसदले त संसद्को रोष्ट्रममै बजेट पुस्तिका च्याते । बजेट मन्त्रीहरूको चुनाव क्षेत्रमामात्रै खन्याएको भन्दै आलोचना भयो । चर्को आलोचनाबीच बजेट पारित गर्नुपर्ने सरकारको अभिभारा छ । त्यसका लागि सत्तारूढ दलहरू नेपाली कांग्रेस र नेकपा एमालेले आफ्ना सांसदहरूलाई ह्विप जारी गरेका छन् ।

कांग्रेसले आफ्ना सांसदलाई तटस्थ पनि नबस्न भनेको छ । '१० असारमा बस्ने संसद् बैठकमा आव २०८२/०८३ को बजेट पारित गरिने हुँदा अनिवार्य उपस्थित हुन, तटस्थ नरहन र प्रस्तावको पक्षमा मतदान गर्न यो ह्विप जारी गरिन्छ,' कांग्रेस प्रमुख सचेतक श्याम घिमिरेले जारी गरेको ह्विपमा भनिएको छ ।

बजेटमाथिको छलफलको क्रममा भने कांग्रेसकै सांसद पूर्णबहादुर तामाङ 'कान्छाराम', अर्का सांसद सुनिल शर्मालगायतले मन्त्रीहरूले आफ्नो चुनाव क्षेत्रमा गरेको बजेटको केन्द्रिकरणप्रति विरोध गरे । एमाले सांसद सूर्य थापा, गोकुल बाँस्कोटालगायत नेताले पनि बजेटलाई लिएर सरकारको आलोचना गरे । विपक्षी नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) लगायत दलले भने बजेटमाथिको छलफल सुरु भएपछि नै विरोध गरेका हुन् ।

बजेटलाई लिएर विरोधै विरोध भएपछि कतै बजेट पारित त हुँदैन ? कांग्रेस-एमालेमा संशय छ । आपसी विश्वासको कमी देखिएको छ । यस्तो बेला एमालेले पनि बजेट पारितका लागि आफ्ना सांसदहरूलाई निर्देशन जारी गरेको छ । एमाले मुख्य सचेतक महेश बर्तौलाले ह्विप जारी गरी सांसदहरूलाई अनिवार्य बैठकमा उपस्थित भई प्रस्तावको पक्षमा मतदान गर्न भनेका छन् । बजेटमा सत्तारूढ दल कांग्रेसका सांसदहरूले गम्भीर टिप्पणी र असहमति जनाएपछि अविश्वासको अवस्था देखिएको हो ।

जबकि, अर्थतन्त्रको बाह्य क्षेत्र बलियो भएको, ब्याजदर निकै तल झरेको र बैंकमा लगानीयोग्य पुँजी थुप्रिएर बसेको अवस्थामा एमाले-कांग्रेस शक्तिशाली सरकारले अर्थतन्त्रलाई गति दिने, निर्ममतापूर्वक खर्च कटौती गर्ने तथा पुँजी र पूर्वाधार निर्माणमा केन्द्रित हुनेगरी बजेट ल्याउनसक्ने अवसर थियो । तर, अर्थमन्त्री पौडेलले ५० प्रतिशत विनियोजन साधारण तलबभत्तामै जाने, राजनीतिक स्वार्थअनुकूल आयोजना तथा कार्यक्रम छर्ने र व्यवसायी रिझाउने गरी बजेट ल्याएको भन्दै आलोचना भएको छ ।

राजस्वको दायरा बढाउनेगरी नयाँ स्रोतहरू खोज्नेभन्दा पनि दर बढाउनेमा बजेट केन्द्रित देखिएको छ । छ खर्ब रूपैयाँ घाटासहितको ठूलो आकारको बजेट भएकाले यसको कार्यान्वयनसमेत चुनौतीपूर्ण देखिएको पूर्वअर्थमन्त्रीसमेत रहेका माओवादी केन्द्रका उपमहासचिव वर्षमान पुनले बताए । 'अहिले सरकारले जुन बजेट ल्याएको छ, त्यो घाटाको बजेट हो । यस्तो बजेट कार्यान्वयन गर्न चुनौती हुन्छ,' उनले प्रभावसँग भने । क्रमशः पृष्ठ २ मा

### इजरायल-इरान युद्ध

# होर्मुज बन्दको चेतावनीले महँगीको त्रास



इरानले स्ट्रेट अफ होर्मुज बन्द गरे भने त्यहाँबाट ८० प्रतिशत तेल आयात हुने रहेछ । हामीले पनि भारतबाट तेल लिने भएकोले यसले असर गर्न सक्छ । यस्तो भयो भने तेलको मूल्यसँगै हरेक वस्तुको मूल्य बढ्ने छ ।

■ **डा. आरजु राणा देउवा**
मन्त्री, परराष्ट्र




■ **प्रभाव संवाददाता**

**काठमाडौं–** मध्यपूर्वको इजरायल र इरानबीच युद्ध चर्किएसँगै इरानले 'स्ट्रेट अफ होर्मुज' बन्द गर्ने चेतावनी दिएको छ । इरानले यो जलमार्ग बन्दको चेतावनी दिएको हो ।

यदि त्यहाँका सर्वोच्च नेता आयातोल्लाह अली खामेनीले बन्द गर्ने निर्णय सदर गरे विश्वव्यापीरूपमा महँगी बढ्ने भन्दै विश्वका नेताहरू चिन्तित देखिएका छन् । यो विषयले नेपाल पनि अछूतो नरहने भन्दै सोमबारको प्रतिनिधिसभा बैठकमा सांसदहरूले परराष्ट्रमन्त्री डा. आरजु राणा देउवालाई जिज्ञासा राखेका थिए ।

नेकपा माओवादी केन्द्रका सांसद माधव सापकोटाले यस विषयमा छिमेकी देशहरूसँग भइरहेको समन्वयबारे प्रश्न गरेका थिए, 'इजरायल र इरान युद्धको असर अप्रत्यक्षरूपमा वैदेशिक व्यापारमा पनि पर्ने देखिन्छ । त्यसका लागि आन्तरिक तथा बाहय निकायहरूसँगको समन्वय कस्तो छ ?'

स्ट्रेट अफ होर्मुज फारसको खाडी र ओमानको खाडीलाई जोड्ने एउटा जलमार्ग हो । इरान, साउदी अरेबिया र संयुक्त अरब इमिरेट्स (युएई) जसले विश्वको सर्वाधिक धेरै तेल उत्पादन र निर्यात गर्छ । ती सबै देशहरू खुला समुद्रमा पुग्न यही मार्ग प्रयोग गर्नुपर्छ । यो जलमार्ग इरान र ओमानको क्षेत्रीय जलसीमाभित्र पर्दछ । यो मार्गबाट विश्वको ठूलो भागको तेल व्यापारको मुख्य नाकाका रूपमा सञ्चालन हुँदै आएको छ ।

अमेरिकी ऊर्जा सूचना प्रशासन (इआइए) का अनुसार सन् २०२४ र २०२५ को पहिलो त्रैमासिकमा होर्मुजबाट हुने आवागमनले कूल विश्व समुद्री तेल व्यापारको एक चौथाइभन्दा बढी हिस्सा ओगटेको थियो । यस्तो महत्त्वपूर्ण ठाउँमा भइरहेको तनावको विषयमा नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले पनि प्रश्न गरेका थिए । 'इजरायलले प्यालेस्टाइन र इरानमा आक्रमण गऱ्यो । अमेरिकाले इरानमा आक्रमण गऱ्यो । यसले नेपालको आपूर्ति शृंखला, तेलको मूल्य, मुद्रास्फिति, विप्रेषणमा के कस्तो असर पर्ला ?,' सुवालले प्रश्न गरेका थिए ।

परराष्ट्रमन्त्री देउवाले उक्त नाका बन्द भएमा तेलकोमात्र नभइ दैनिक प्रयोगमा आउने हरेक वस्तुको मूल्य बढ्न सक्ने बताए । 'इरानको स्ट्रेट अफ होर्मुजबाट ८० प्रतिशत तेल आयात हुने रहेछ । हामीले पनि भारतबाट तेल लिने भएकोले इरानले बन्द गरे भने यसले असर गर्न सक्छ,' मन्त्री देउवाले भनिन्, 'यस्तो भयो भने तेलको मूल्यसँगै हरेक वस्तुको मूल्य बढ्न सक्छ ।'

इरानले यो जलमार्ग बन्द गरेमा विश्वको तेल आपूर्ति प्रभावित हुने छ । यो बाटो संसारको तेल र ग्यास आपूर्तिका लागि रणनीनिक रूपमा महत्त्वपूर्ण मानिन्छ । यही बाटो भएर मध्यपूर्वका तेल एसिया, युरोप र उत्तर अमेरिकासमेत संसारभरका देशमा पुग्ने गरेको छ ।

यद्यपि अहिले नै यस विषयमा निर्णय नै भइनसकेको उनले बताइन् । 'तर यस्तो भइसकेको छैन । वार्ताहरू भइरहेको छ । बन्द नहोस् भनेर हामी आशा गरौं,' मन्त्री देउवाले भनिन् । यसले चीन, भारतलाई समेत असर पर्ने उनको भनाइ थियो । क्रमशः पृष्ठ २ मा

## इरानद्वारा कतारको अमेरिकी एयरबेसमा मिसाइल आक्रमण

**काठमाडौं (प्रस)–** इरानले कतारको दोहामा रहेको अमेरिकी एयरबेसमा आक्रमण गरेको छ । सोमबार दोहामा विष्फोटको आवाज सुनिएको समाचार एजेन्सीहरूले जनाएका थिए । इरानको रिभोलुसनरी गार्ड (आइआरजिसी)ले सोमबार इरानमाथि 'अमेरिकी आक्रमणको विरुद्ध इरानी सशस्त्र बलको शक्तिशाली र सफल प्रतिउत्तर' स्वरूप दोहास्थित अमेरिकी एयरबेसमा आक्रमण गरेको जनाएको छ । क्रमशः पृष्ठ २ मा

### सतर्क रहन दूतावासको आग्रह

कतारस्थित नेपाली दूतावासले कतारमा रहेका नेपालीहरूलाई सतर्क रहन र यथास्थानमै रहन आग्रह गरेको छ । इरानले दोहास्थित अमेरिकी एयरबेसमा आक्रमण गरेपछि दूतावासले सामाजिक सञ्जालमार्फत सोमबार साँझ यस्तो आग्रह गरेको हो । क्रमशः पृष्ठ २ मा

**सन्दर्भ: वैदेशिक रोजगार**

## इजरायलबाट नाम दर्ता गराएका ९०० मध्ये करिब ४० जनामात्र नेपाल आउन तयार



■ **ममता थापा**

**काठमाडौं–** इजरायलमा रहेका ९०० जना नेपालीले अनलाइन रजिस्ट्रेसन पोर्टलमा नाम दर्ता गराएको परराष्ट्र मन्त्रालयले जानकारी दिएको छ । त्यसमा पनि करिव ४० जनाले मात्र छिटो उद्धारका लागि आग्रह गरेको जनाइएको छ । इजरायल-इरानबीचको द्वन्द्वका कारण फर्किन चाहने नेपालीहरूका लागि यही जुन १७ तारिखबाट अनलाइन रजिस्ट्रेसनमार्फत विवरण संकलन थालिएको छ । सोमबारसम्म दर्ता हुनेहरूको संख्या ९०० पुगे पनि फर्किन चाहनेहरू न्यून देखिएका छन् ।

'९०० जना फाराम भरेकाहरू मात्र हुन् । फर्कन चाहने कम हुनुहुन्छ । तुरुन्तै उद्धार भइदिए हुन्थ्यो भन्नेहरू ३० देखि ४० जनामात्र हुनुहुन्छ,' मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले बताए, 'फाराम भर्नु र फर्काइदिनु भन्ने फरक कुरा हो । म यहाँ, यस्तो अवस्थामा छु भन्नलाई पनि त फाराम भर्न सकियो ।'

फाराम भर्नेहरूको के-के आवश्यकता र समस्या छ भन्ने विषयमा अध्ययन भइरहेको उनले बताए । नेपाल फर्किने इच्छा देखाउनेहरू न्यून हुनुको कारण भने अनुमान गर्न नसकिएको प्रवक्ता क्षेत्रीको भनाइ छ । मन्त्रालयले अब पछिल्लोपटक नाम दर्ता गराउनेहरूको ट्रेण्डलाई अध्ययन गरेपछि केही आउनसक्ने क्षेत्रीले बताए । क्रमशः पृष्ठ २ मा

### नेपाल फर्किंदा 'बेरोजगारी'कै डर

इजरायलस्थित नेपाली दूतावासले उद्धार तथा स्वदेश फिर्तीको सूचना संकलन गर्नका लागि दिएको रजिस्ट्रेसन पोर्टलमा त्यहाँ रहेका नेपालीहरूले विभिन्न प्रतिक्रिया दिएका छन् । नेपाल आउन खोज्नेहरूको संख्या न्यून भइरहँदा त्यहाँ रहेकाहरूको मनस्थिति बुझ्न यसलाई पनि आधार मान्न सकिन्छ । विनिता घिमिरेले 'नेपालको दु:खभन्दा इजरायलकै दु:ख ठीक छ' लेखेकी छन् । विष्णु श्रेष्ठ पनि नेपाल फर्कने हतार नगर्न आग्रह गर्दै लेख्छिन्, 'इरानले इजरायलमाथि हानेको मिसाइलभन्दा नेपाल सरकारले हामीमाथि हानेको बेरोजगारीको मिसाइल झन् भारी पर्छ । बरु कान थुन्दै बेलाबेला बंकरभित्र दौडँदै महिना पुगेपछि तलब थाप्दा मनले सुकुन पाउँछ ।' दूतावासको पोस्टमा प्रतिक्रिया जनाउने अधिकांशले नेपाल फर्किएपछि बेरोजगार हुनुपर्ने चिन्ता व्यक्त गरेका छन् । 'गरिबीले मर्नुभन्दा मिसाइलले मर्ने हो,' कमला दाहालले लेखेकी छन् ।

**'आइरन डोम' र बंकरको भर**

सन् १९४८ मा आधिकारिक रूपमा इजरायल छुट्टै देशको रूपमा घोषणा भएदेखि नै कुनै न कुनै प्रकारको युद्ध लडिरहेको छ । सैन्य तथा आतंककारी हमलाको जोखिममा रहेको इजरायलमा हालसम्म नेपालबाट गएका श्रमिकहरूले भने सुरक्षितसँग काम गरिरहेका छन् । क्रमशः पृष्ठ २ मा


सम्पूर्ण एजेन्सी तथा विज्ञापनदाताहरूमा

**हार्दिक अनुरोध !**

यस प्रभाव पब्लिकेसन प्रालिद्वारा प्रकाशित **प्रभाव राष्ट्रिय दैनिक**मा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका विज्ञापन एजेन्सी तथा विज्ञापनदाताहरूले विज्ञापन प्रकाशित गरेवापत हालसम्मको बाँकी बक्यौता रकम यही **मिति २०८२ असार १५ गतेभित्र भुक्तानी** गरी हरहिसाब मिलान गर्नुहुन सादर अनुरोध गर्दछौं । साथै सम्पूर्ण विज्ञापनदाता तथा एजेन्सीहरूसँग सहकार्यका लागि हार्दिक कृतज्ञता व्यक्त गर्दै आगामी दिनमा अझै प्रगाढ र सुमधुर सम्बन्ध रहने अपेक्षा गर्दछौं ।

लेखा शाखा
**प्रभाव पब्लिकेसन प्रा.लि.**
सिफल-७, काठमाडौं, नेपाल, फोन: ९७७-१-४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१८१५४००
Email:Marketing2prabhab@gmail.com

## पृष्ठ १ बाट क्रमशः

### होर्मुज...

होर्मुज जलमार्ग बन्द भएमा विश्वबजारमा पेट्रोलियम पदार्थ आपूर्तिमा तत्काल प्रभावित हुने देखिन्छ। नेपालमासमेत यसले प्रत्यक्ष असर पुग्ने देखिन्छ। पेट्रोलियम पदार्थको मूल्य वृद्धिदेखि दैनिक उपभोग्य वस्तुको मूल्य पनि बढाउने छ। यसले नेपालको पर्यटन उद्योगमासमेत यसले ठूलो असर पुग्ने जानकारहरू बताउँछन्। चीन, भारत र अमेरिकाजस्ता ठूला देशसमेत यो बन्दको चेतावनीले आत्तिएका छन्।

■■■

### इरानद्वारा...

यता कतारको रक्षा मन्त्रालयले पनि इरानले मिसाइल आक्रमण गरेको पुष्टि गरेको छ। तर, इरानले प्रहार गरेको मिसाइललाई कतारको एयर डिफेन्सले सफलतापूर्वक निस्तेज पारिएको मन्त्रालयले विज्ञप्तिमार्फत जनाएको छ। मन्त्रालयले इरानी आक्रमणबाट कुनै क्षति नभएको पनि जनाएको छ।

कतारले उक्त आक्रमणको विरोध जनाएको छ। कतारको परराष्ट्र मन्त्रालयका प्रवक्ता माजेद अल-अन्सारीले इरानले 'सार्वभौमिकता, हवाई क्षेत्र र संयुक्त राष्ट्रसंघको सन्धिको खुला उल्लंघन' गरेको भन्दै निन्दा गरेका छन्। उनले जारी गरेको वक्तव्यमा भनिएको छ, 'कतार राज्यले अन्तर्राष्ट्रिय कानुनअनुसार यस स्पष्ट आक्रामकतामा प्रत्यक्ष रूपमा प्रतिक्रिया जनाउने अधिकार सुरक्षित राख्दछ।'

तर इरानको सुरक्षा काउन्सिलले भने अल उदेइद एयर बेसविरुद्धको क्षेप्यास्त्र प्रहार कतारको आवासीय क्षेत्रहरूबाट टाढा रहेको दाबी गरेको छ। 'यो कार्यले मित्रवत् र भ्रातृ राष्ट्र कतार र यसका महान जनतालाई कुनै खतरा छैन, र इस्लामिक गणतन्त्र इरान कतारसँग न्यानो र ऐतिहासिक सम्बन्ध कायम राख्न र निरन्तरता दिन प्रतिबद्ध छ,' कतारले विरोध जनालगत्तै इरानी सुरक्षा परिषद्ले एक विज्ञप्तिमा भनेको छ।

अमेरिकी बेसमा आक्रमणको संकेत पाएलगत्तै कतारले आफ्नो हवाइ क्षेत्र बन्द गरेको थियो। युएई र बहराइनले पनि आफ्ना हवाई क्षेत्र अस्थायी रूपमा बन्द गरेका छन्।

■■■

### सतर्क...

'वर्तमान परिस्थितिलाई मध्यनजर गर्दै कतारमा रहेका नेपाली दाजुभाइ दिदीबहिनीहरूलाई सतर्क रहन र यथास्थानमै रहन आग्रह गर्दछौं। कृपया शान्तपूर्वक रहन र कतार सरकारको आधिकारिक सूचना र निर्देशन पालना गर्न अनुरोध गर्दछौं। नेपाली राजदूतावास, दोहा कतारमा रहनुभएका सबै नेपाली दाजुभाइ दिदीबहिनीहरूका सदैव साथमा रहेको व्यहोरासमेत अवगत गराउन चाहन्छौं,' दूतावासले भनेको छ।

■■■

### बजेट...

संसद्मा प्रस्तुत बजेट अंकका हिसाबले कार्यान्वयनयोग्य नहुनुका साथै देश र जनताका वर्तमान समस्या समाधानमा केन्द्रित हुन नसकेको टिप्पणी भइरहेको छ। बजेटमा खर्च कटौती र आम्दानी बढाउने विशेष योजना नदेखिएको भन्दै आलोचना भइरहेको छ। अर्थमन्त्री पौडेलले भने बजेटले जनताको चाहना र राष्ट्रको आवश्यकतालाई सम्बोधन गर्ने दाबी गर्दै आएका छन्।

बजेटका लागि भने राष्ट्रिय योजना आयोगका उपाध्यक्ष संयोजक रहने स्रोत समितिले १९ खर्ब ९५ करोडको सीमा दिएको थियो। तर, अर्थमन्त्री पौडेलले सुरुआती सीमाभन्दा ६४ अर्ब रूपैयाँ ठूलो बजेट ल्याएका हुन्। आगामी आर्थिक वर्षको बजेट चालु आवको भन्दा ५.६ प्रतिशत ठूलो आकारको छ। सरकारले चालु आवमा १८ खर्ब ६० अर्ब रूपैयाँको बजेट कार्यान्वयन गरिरहेको छ। अर्धवार्षिक समीक्षामार्फत ९.०१ प्रतिशतले आकार घटाएको छ। अर्थात् चालु आर्थिक वर्षमा १६ खर्ब ९२ अर्ब खर्च हुने संशोधित अनुमान गरिएको छ। सरकारले खर्च क्षमता बढाउने स्पष्ट कार्ययोजना देखाउन नसके पनि चालु आर्थिक वर्षको संशोधित खर्चअनुमानको तुलनामा १८.२ प्रतिशत ठूलो बजेट ल्याएको हो।

आगामी आर्थिक वर्षका लागि पुँजीगततर्फ चार खर्ब सात अर्ब ८९ करोड अर्थात् २०.८ प्रतिशत विनियोजन गरिएको छ। जुन चालु आर्थिक वर्षको तुलनामा १.८६ बिन्दु प्रतिशतले बढी हो। त्यस्तै, वित्तीय व्यवस्थातर्फ तीन खर्ब ७५ अर्ब २४ करोड अर्थात् १९.१ प्रतिशत विनियोजन गरिएको छ।

■■■

### इजरायलबाट...

#### स्वदेश फर्काउन सहयोग माग्दै मन्त्रालय

फर्किन खोज्नेहरूको कागजातको अध्ययन गरी कुन रुटबाट ल्याउने भन्नेतर्फ काम गरिहेको मन्त्रालयले जनाएको छ। सोमबार परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले प्रतिनिधिसभाको बैठकमा विनियोजन विधेयकअन्तर्गतको छलफलमा उक्त कुरा बताएकी हुन्। 'इजरायल र इरानमा हाल हवाईमार्ग बन्द रहेको अवस्थामा सुरक्षित स्थान वा सीमावर्ती मुलुकमा जान चाहने नेपालीलाई अनलाइन भिसा उपलब्ध गराउनेलगायत काममा सहजीकरण गरिदिनका लागि खाडीस्थित सबै नेपाली नियोगहरूलाई निर्देशन दिइएको छ,' मन्त्री राणाले भनिन्। यस सन्दर्भमा जोर्डन सरकारले १९ जुनमा एक नोट लेखी इजरायलबाट आफ्नो सीमामा आउने विदेशी नागरिकहरूलाई आवश्यक सहयोग गर्ने व्यहोरा उल्लेख गरेको उनको भनाइ थियो। साथै, अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) र अन्तर्राष्ट्रिय आप्रवासन संगठन (आएओएम)सँग पनि यस विषयमा सहजीकरणका लागि नेपाली राजदूतावासद्वारा पत्राचार भएको राणाको भनाइ छ।

मन्त्री डा. राणाका अनुसार इरानमा रहेका १६ जना नेपालीलाई उद्धार गरिदिन भारत सरकारलाई अनुरोध गरिएकामा इरानस्थित भारतीय राजदूतावासको सहयोगमा ११ जनालाई नेपाल फर्काउने प्रक्रिया सुरू भएको छ। बाँकी पाँचजना अध्यागमन कानुनका कारण थुनामा रहेकाले कागजी प्रक्रिया पूरा गरी स्वदेश फर्काउन मन्त्रालयले नेपाली राजदूतावास, दोहामार्फत पहल गरिरहेको उनले बताइन्।

■■■

### नेपाल...

इजरायलले सशक्त वायु प्रतिरक्षा प्रणालीको विकास गरेको छ। यसलाई 'आइरन डोम' अर्थात् इजरायलको 'मिसाइल शिल्ड' भनिन्छ। जसले दुई हजार किलोमिटरसम्मको बाहिरी दायरामा रहेका मिसाइलहरूलाई रोक्न सक्ने जनाइएको छ।

यसका साथै त्यहाँका हरेक घरमा विशेषखालको सुरक्षित स्थान हुन्छ। जसलाई 'बम सेल्टर' भन्ने गरिन्छ। यसले बमबारीबाट जोगाउँछ। सन् १९५१ को नागरिक सुरक्षा कानुनले प्रत्येक घर, आवास तथा औद्योगिक संरचनामा सेल्टर बनाउन अनिवार्य गरेको छ। यदि खतरा देखिए साइरन बज्छ र मानिसहरू सेल्टरमा बस्छन्।

इजरायलमा हाल अधिकतम सात हजार नेपालीहरू रहेको अनुमान गरिएको छ। यो संख्या रोजगारी र अन्य प्रयोजनका लागिसमेत गएकाहरूको हो। वैदेशिक रोजगार विभागले उपलब्ध गराएको तथ्यांक अनुसार २०७८ यता एक हजार ७८८ जना जिटुजीमार्फत इजरायल गएका छन्। यसमा कति फर्किए र त्यसअघि गएकाहरू कति त्यहाँ छन् भन्ने यकीन तथ्यांक भने नभएको विभाग बताउँछ।


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/०३/१०**

**हिलटन एकेडेमी** को मिति २०८२/०२/०६ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **निमस्वे एकेडेमी प्रा. लि. (प्रा.लि. नं. १३७४४२)** कायम गर्ने गरी मिति २०८२/०२/२५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



## श्री रसुवाखोला सामुदायिक वन उपभोक्ता समूह
### रौतामाई गाउँपालिका-३ उदयपुरको

## काठ लिलाम विक्री सम्बन्धी दोस्रो पटक प्रकाशित सूचना !

*प्रकाशित मिति : २०८२/०३/१० गते*

यस सामुदायिक वनबाट आर्थिक वर्ष २०८१/०८२ मा सङ्कलन गरी घाटगद्दि गरेका लट नम्बर १ को खयर थान ७०९ को ८१७.०१ क्युफिट जे जो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्री समूह बाहिर गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक व्यक्ति, संघसंस्था, फर्म वा कम्पनीले यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले १५ दिनभित्र सिलबन्दी **बोलपत्र दाखिला** गर्न आह्वान गरिन्छ। पूर्ण व्योहोराको सूचना समूहको सूचना पाटीमा टाँस गरिएको छ।



## युएइमा रोजगार
कम्पनी : SILVER FALCON TECHNICAL SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८१/०२/२९ | पूर्व स्वीकृति मिति : २०८२/०३/०९ | LT. No. 306266 | चलानी नं. ६०२२१०१९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BUILDING LABOURER | 6 | 0 | 1200 | ४५,३८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 10 | 0 | 1200 | ४५,३८८ | | | | | | | |
| 3 | FILLING CLERK | 2 | 0 | 1500 | ५६,७३५ | | | | | | | |
| 4 | PLUMBER | 5 | 0 | 1200 | ४५,३८८ | | | | | | | |
| 5 | STEEL FIXER | 5 | 0 | 1200 | ४५,३८८ | | | | | | | |
| 6 | Telecommunication Assistant | 1 | 0 | 1500 | ५६,७३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असार १७ गते (1st July 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

श्रम ईजाजत नं. १६६५/०८०/८१

**ROSEBUD HUMAN RESOURCE PVT. LTD**
Shambhu Marga, sinamangal-9, Kathmandu, Nepal , Tel.: +977-1-4597366
E-mail: info@rosebudhr.com , Web:www.rosebudhr.com



## युएइमा रोजगार
कम्पनी : KIBSONS INTERNATIONAL LLC

पूर्व स्वीकृति मिति : २०८१/११/२५ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/०९ | LT. No. 320030 | चलानी नं. ६०२३४२१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packers | 20 | 0 | 1300 | ४९,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Porter | 17 | 0 | 1300 | ४९,१७० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असार १७ गते (1st Jul. 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**NOVA INTERNATIONAL PVT. LTD.**
Surya Bikram Gyabali Marg Gaushala-09, Kathmandu, Nepal. Tel:- +977-1-014573271, 4573602
Email: info@novainternational.com.np, URL: www.novainternational.com.np
श्रम ईजाजत नं. १०१९/०६८/०६९



## साउदीमा रोजगार
कम्पनी : Fast Luxury Laundry Establishment

पूर्व स्वीकृति मिति : २०८२/०३/०८ | LT. No. 326012 | चलानी नं. ६०२३९९८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Laundry Man | 1 | 0 | 1200 | ४४,४२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असार १७ गते (1st Jul. 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**Reliance Recruitment Services Pvt. Ltd.**
Maharajgunj, Chakrapath, Kathmandu,Nepal. Tel: +977-1-4419528 / 4419763,
Email:mofa@relianceservice.com.np, Website: www.relianceservice.com.np
श्रम ईजाजत नं. ९७१/०६७/०६८



## युएइमा रोजगार
कम्पनी : FIRESECURE FIRE AND SAFETY L.L.C.

पूर्व स्वीकृति मिति : २०८२/०३/०९ | LT. No. 326064 | चलानी नं. ६०२३९९९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/P.O. | 10 | 0 | 1000 | ३७,८२३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असार १७ गते (1st July 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Govt. License 1723/081/082
**Sultan Gulf Oversease Pvt. Ltd.**
Tokha-10, Kathmandu, Tel: + 977-01-5922873, Mobile No.9851003623, 9857071474, Email: sultangulfoverseas1723@gmail.com



## कुवेत/साउदीमा रोजगार
कम्पनी : Studio Three Ladies Beauty Salon Company

पूर्व स्वीकृति मिति : २०८२/०३/०८ | LT. No. 326024 | चलानी नं. ६०२३९९८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Dresser/hair Stylist | 0 | 2 | 150 | ६८,०२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Manicurist/pedicurist | 0 | 2 | 150 | ६८,०२५ | | | | | | | |
| 3 | Nail Technicians | 0 | 2 | 150 | ६८,०२५ | | | | | | | |

कम्पनी : SABAH AL MAHAL TECHNICAL SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८१/११/१९ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/०९ | LT. No. 319755 | चलानी नं. ६०२३३९१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolder | 10 | 0 | 1200 | ४४,४२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असार १७ गते (1st Jul. 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075



## कुवेतमा रोजगार
कम्पनी : MH HEALTH INSTITUTE FOR MEN — शहर : Kuwait

पूर्व स्वीकृत मितिः २०८२/०३/०९ | चलानी नं.: ६०२३९९५५ | LT. No.: 325915

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Masseur | 7 | 0 | स. काममा दक्ष | 150 | ६७,७३१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MAHA INTERNATIONAL H.R. SOLUTION — शहर : Kuwait

पूर्व स्वीकृत मितिः २०८२/०३/०९ | चलानी नं.: ६०२४०००१ | LT. No.: 326056

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaning Labour -Indoor | 3 | 0 | सम्बन्धित काममा दक्ष | 90 | ४०,६३८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Helper | 4 | 0 | | 100 | ४५,१५४ | | | | | | | |
| 3. | Waiter | 10 | 0 | | 130 | ५८,७०० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार १७ गते (1 July 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निः शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Gov. Lic No. 1746 /081/82
**MAHA INTERNATIONAL HR SOLUTION PVT. LTD.**
Airport Kalimatidol, Kathmandu | Tel: +977 01 5923308
Mob.: 9813768590,9802390077 | Email: mahainfo59@gmail.com


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

मंगलबार, १० असार, २०८२

| | |
|---|---|
| **मेष** | सोचेको उपलब्धि तत्काल प्राप्त नहुने। |
| **वृष** | सम्भावना देखिए पनि समयमा काम नहुने। |
| **मिथुन** | कामको मेरो नमिल्दा केही अलमल्ल हुनेछ। |
| **कर्कट** | नयाँ कामको अवसर प्राप्त हुनसक्छ। |
| **सिंह** | सुखद समाचारले उत्साह जगाउनेछ। |
| **कन्या** | रोकिएका काम सम्पादन हुनेछ। |
| **तुला** | समाजिक जिम्मेवारी उपलब्ध हुनेछ। |
| **वृश्चिक** | सानोतिनो समस्याले अल्झाउन सक्छ। |
| **धनु** | प्रियजनसँग रमाइलो भेटघाट हुनेछ। |
| **मकर** | मिहिनेत गर्दा आम्दानीको स्रोत फेला पर्ला। |
| **कुम्भ** | काम गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ। |
| **मीन** | विवादास्पद कामको जिम्मेवारी आउनेछ। |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल | ६६१२२६६ |
| किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१० असार , २०८२ (२४ जुन, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३८.२४ | १३८.८४ |
| युरो | १ को | १५९.२९ | १५९.९८ |
| पाउन्ड स्टिर्लङ | १ को | १८५.९३ | १८६.७४ |
| स्विस फ्रैन्क | १ को | १६९.०९ | १६९.८२ |
| अस्ट्रेलियन डलर | १ को | ८९.१७ | ८९.५६ |
| क्यानाडियन डलर | १ को | १००.६६ | १०१.०९ |
| सिङ्गापुर डलर | १ को | १०७.३७ | १०७.८४ |
| जापानी येन | १० को | ९.४६ | ९.५० |
| चिनियाँ युआन | १ को | १९.२५ | १९.३४ |
| साउदी अरब रियाल | १ को | ३६.८४ | ३७.०० |
| कतारी रियाल | १ को | ३७.९२ | ३८.०९ |
| थाई भाट | ख १ को | ४.२१ | ४.२३ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.६४ | ३७.८१ |
| मलेसियन रिङ्गेट | १ को | ३२.५१ | ३२.६५ |
| दक्षिण कोरियन वन | १०० को | १०.०७ | १०.११ |
| स्विडिस क्रोनर | १ को | १४.३० | १४.३६ |
| डेनिस क्रोनर | १ को | २१.३५ | २१.४५ |
| हङकङ डलर | १ को | १७.६१ | १७.६९ |
| कुवेती दिनार | १ को | ४५१.५४ | ४५३.५० |
| बहराइन दिनार | १ को | ३६६.३० | ३६७.८९ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ। वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ। अद्यावधिक विनिमय दर बैंकको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ।

# पाँच वर्षभित्रमा १२ हजार स्वास्थ्य जनशक्ति थप गरिने



■ प्रभाव संवाददाता

**काठमाडौं–** स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले आगामी पाँच वर्षभित्रमा १२ हजार स्वास्थ्य जनशक्ति थप गर्ने बताएका छन् । यसका लागि मन्त्रालयले आर्थिक वर्षको बजेटबाट नै व्यवस्थापन गरेको उनले बताए ।

'मन्त्रालयले आगामी आवको बजेटबाट नै व्यवस्थापन गर्नेगरी क्रमशः पाँच वर्षभित्रमा १२ हजार स्वास्थ्य जनशक्ति थप गर्न हरेक वर्ष दुई हजार ५०० जनशक्ति बढाउनेगरी तयारी सुरुआत गरिएको छ,' विनियोजन विधेयक २०८२ अन्तर्गत स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँग सम्बन्धित विनियोजित शीर्षकहरूमाथि उठेका सवालहरूको सोमबार संसद्मा जवाफ दिँदै मन्त्री पौडेलले भने, 'दशकौंसम्म हुन नसकेको स्वास्थ्य क्षेत्रको संगठन तथा व्यवस्थापन सर्वेक्षण (ओएनएम) को थालनी गरेका छौं । यस वर्ष थप हुने दुई हजार ५०० जनशक्तिको ओएनएम प्रक्रिया पूरा गरी मन्त्रिपरिषद्मा पेस गर्ने गरी अन्तिम चरणमा रहेको छ ।'

मन्त्री पौडेलले निर्माण सम्पन्न भएका आधारभूत अस्पतालको तीनै तहको सहकार्यमा संघीय सरकारबाट चिकित्सकसहित औजार उपकरण उपलब्ध गराई साउन १ गतेदेखि सञ्चालनमा ल्याइने बताए । उनका अनुसार करिब ७० आधारभूत अस्पताल सञ्चालनका लागि तयार हुने छन् ।

'निर्माणाधीन आधारभूत अस्पतालको सम्पन्नता र निर्माण सुरु नभएका स्थानीय तहमा सुरुआत गर्न रणनीतिक स्थानको म्यापिङ गर्ने कार्य भइरहेको छ । आधारभूत अस्पताल सञ्चालन मापदण्ड २०८१ स्वीकृत गरी लागू गरिएको छ । सोहीबमोजिम कार्यान्वयनका लागि बजेट एक अर्ब रूपैयाँ विनियोजन गरिएको छ,' उनले भने ।

स्वास्थ्य बिमाको कोष अभिवृद्धिका लागि ऐनमा नै व्यवस्था भएबमोजिम सरकारी तलब तथा सुविधा लिने सम्पूर्ण र संगठित क्षेत्रलाई समेत आबद्धता गराउने प्रक्रिया अगाडि बढाइसकेको मन्त्री पौडेलले बताए । 'स्वास्थ्य बिमा व्यवस्थित गर्न बिमा कार्यक्रमको बजेट चालु आवको तुलनामा केही वृद्धि गरेका छौं,' मन्त्री पौडेलले भने, 'स्वास्थ्य बिमाको शोधभर्नालाई थप व्यवस्थित बनाई हालसम्मको दायित्व फरफारक गर्न १८० स्वास्थ्य अधिकृत नियुक्ति गर्नेगरी अगाडि बढेका छौं ।'

बिमा नियमावलीबमोजिम थप सुविधा दिने व्यवस्था, संघीय अस्पतालहरूमा अत्याधुनिक औजार उपकरण एमआरआई, सिटिस्क्यान, मोडुलर शल्यक्रियाका औजार उपकरणहरूको व्यवस्था गरिएको मन्त्री पौडेलले बताए । विशिष्टीकृत सेवा प्रवाह गर्ने चिकित्सक तथा स्वास्थ्यकर्मीहरूलाई देशभित्रै टिकाइराख्न उत्प्रेरणाका प्याकेजको तयारी भइरहेको उनले बताए । निजी क्षेत्रमा चिकित्सक, नर्स तथा स्वास्थ्यकर्मीहरूको वेतनमान सरकारीस्तरको निर्धारणमा कडाइका साथ लागू गरेको मन्त्री पौडेलले बताए ।

विपन्न नागरिकको निःशुल्क जलन उपचारको शोधभर्नाका लागि १० करोड रूपैयाँ विनियोजन गरिएको उल्लेख गर्दै मन्त्री पौडेलले अब आर्थिक अभावका कारण जलनको उपचार नपाएर मर्नुपर्ने अवस्थाको अन्त्यका लागि पर्याप्त व्यवस्था गरिएको बताए ।

उनले छलफलमा उठेका प्रश्नको जवाफ दिँदै सातै प्रदेशमा बालबालिकामा हुने मधुमेह रोगको उपचार निःशुल्क गर्ने तयारी भइरहेको बताए । स्वास्थ्य मन्त्रालय उपचारमुखी सेवामा मात्र होइन, नागरिकलाई रोग लाग्न नै नदिन रोकथाममुखी र प्रवर्द्धनात्मक स्वास्थ्य कार्यक्रम तथा योजनामा समेत सन्तुलित लगानी गर्न प्रतिबद्ध रहेको उनको भनाइ थियो ।

# सूचना प्रविधि तथा साइबर सुरक्षा विधेयकमा परिमार्जन गर्न माग

**काठमाडौं (प्रस)–** सूचना प्रविधि तथा साइबर सुरक्षा विधेयक, २०८२ लाई परिमार्जन गरिनुपर्नेमा कानुन व्यवसायीले जोड दिएका छन् ।

संसद्मा दर्ता भएको सूचना प्रविधि तथा साइबर सुरक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक अझै अपुरो, अधुरो र अस्पष्ट रहेकाले यसमा परिमार्जन आवश्यक रहेको राजधानीमा महिला, कानुन र विकास मञ्चले आयोजना गरेको सञ्चारकर्मीसँगको अन्तरक्रिया कार्यक्रममा जानकारी गराइएको हो ।

महिला तथा बालिकाविरुद्ध हुने साइबर अपराधमा केन्द्रित रहेर सञ्चारकर्मीसँग गरिएको अन्तर्क्रियामा स्रोत व्यक्ति अधिवक्ताद्वय अशाङ्कन मल्ल र राष्ट्र विमोचन तिमल्सिनाले २०८० को विद्युतीय कारोबार ऐनभन्दा गत जेठ २७ गते संसद्मा टेबुल भएको सूचना प्रविधि तथा साइबर सुरक्षा विधेयक, २०८२ समयसापेक्ष भए पनि धेरै कुरा छुटेको र अस्पष्ट रहेका परिमार्जन गरिनुपर्नेमा जोड दिएका हुन् ।

हिंसाको प्रकार समयसँगै बदलिएकाले नयाँ साइबर सुरक्षा ऐन आवश्यकता भएको हुनसक्ने मञ्चका कार्यकारी निर्देशक अधिवक्ता सविन श्रेष्ठले बताए । विद्युतीय कारोबार ऐनलाई प्रतिस्थापन गर्न बनेको नयाँ विधेयकले महिला तथा बालिकालाई कति समेटेको छ भन्ने विषय सञ्चारकर्मीलाई जानकारी दिन अन्तर्क्रिया आयोजना गरेको उनले जानकारी दिए ।

इन्टरनेट प्रयोगकर्ता बढेसँगै अपराधका प्रकार पनि बढेको अधिवक्ता मल्लको भनाइ थियो । विद्युतीय कारोबार ऐनको हुबहु भए पनि समयसापेक्ष नभएको उनले बताए । इन्टरनेटको माध्यमबाट हुने अपरोध रोक्न नेपालमा २०७५ सालमा साइबर ब्युरो स्थापना भएको थियो । त्यसबेला २३७ जाहेरी ब्युरोमा परेको थियो । यसैगरी २०७६/७७ मा दुई हजार ३०० जाहेरी दर्ता भएको थियो ।

गत वर्ष २०८१/८२ मा ब्युरोमा १९ हजार ७३० वटा जाहेरी परेको जानकारी अधिवक्ता श्रेष्ठले दिए । यति धेरै जाहेरी परे पनि प्रहरीले २०० अर्थात् एक प्रतिशत जाहेरीलाई मात्र अदालतसम्म पुऱ्याएको तथ्यांक उनले प्रस्तुत गरे ।

सञ्चारमाध्यमलाई आक्रमण नगर्ने, गोपनीयताको हक, सामाजिक सञ्जाल सूचीकृत गर्नुपर्ने, एआईको विषय र नयाँ प्रविधिलाई मर्यादित रूपमा सञ्चालन गर्नुपर्नेलगायतका विषय सकारात्मक रहेको अधिवक्ता तिमल्सिनाले बताए । अश्लीलताका विषयमा अस्पष्ट हुनु, कानुनबीच तादाम्यता नहुनु, सजायको व्यवस्था थोरै हुनुलगायतका विषय यो विधेयकको कमजोर पक्ष भएको उनको भनाइ छ ।

# सवारीसाधन सञ्चालनमा आवश्यकता अनुसार रोक लगाउन पहल

**काठमाडौं (प्रस)–** राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले सार्वजनिक तथा निजी सवारीसाधन सञ्चालनमा आवश्यकता अनुसार रोक लगाउन पहल गरिएको जनाएको छ ।

मनसुन प्रतिकार्य कमाण्ड पोस्टको सोमबार बसेको दोस्रो बैठकमा सार्वजनिक निजी सवारीसाधन सञ्चालनमा आवश्यकताअनुसार रोक लगाउन ७७ वटै जिल्ला सुरक्षा समितिलाई निर्देशन दिन गृह मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरिएको प्राधिकरणले जनाएको छ । प्राधिकरणका कार्यकारी प्रमुख दिनेशप्रसाद भट्टले मनसुन अवधिभर भारी वर्षाका कारण आउनसक्ने बाढी, पहिरो, डुबानसमेतलाई दृष्टिगत गरी सम्भावित जोखिम रहेका क्षेत्र, नदी, खोला नाला र पानीको बहावसमेत उच्च हुनसक्ने राष्ट्रिय राजमार्ग, स्थानीय सडक सञ्जालहरू समेतमा मौसम पूर्वानुमान र परिस्थितिसमेतको विचार गरी सवारीसाधनमा रोक लगाउन पहल गरिने बताए ।

'गत जेठ २८ गते बसेको मनसुन प्रतिकार्य कमाण्ड पास्टको पहिलो बैठकको निर्णय कार्यान्वयन अवस्थाबारे छलफल तथा समीक्षा भएको र समीक्षाबाट मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८२ को कार्यान्वयनका लागि सबै निकायको एकीकृत र समन्वयात्मक प्रयास गर्नुपर्ने देखिएको छ,' उनले भने, 'सबै निकायले मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८२ को प्रभावकारी कार्यान्वयन गरी सोको प्रगति मासिकरूपमा प्राधिकरणमा पठाउने निर्णय भएको छ ।'

सडक/राजमार्गमा बाढी, पहिरो, डुबान आदिका कारणले जुनसुकै बेला जुनसुकै स्थानमा अवरोध आउनसक्ने हुँदा सडक राजमार्ग तत्काल सञ्चालन गर्न आवश्यक पर्ने उपकरण २४सै घण्टा तयारी अवस्थामा राख्ने व्यवस्था गर्न सडक विभाग र ७५३ वटै स्थानीय तहलाई अनुरोध गर्ने निर्णय गरिएको कार्यकारी प्रमुख भट्टले जानकारी दिए ।

यसैगरी तत्काल उद्धार र राहतमा प्रयोग हुने न्यूनतम सामग्रीहरू समेत तयारी अवस्थामा राख्न र विशेष अवस्थामा सडक अवरूद्ध भई सवारी साधनहरू चल्न नसक्ने परिस्थितिमा कम्तीमा १५ दिनका लागि खाद्यान्न अभाव नहुनेगरी व्यवस्था मिलाउन ७५३ वटै स्थानीय तहलाई अनुरोध गर्ने निर्णय गरिएको उनले बताए ।


## जापान/साउदीमा रोजगार

कम्पनी : COOPERATIVE MIRAI — सेवा शुल्क : ५०,०००/-

पूर्व स्वीकृति मिति : २०८२/03/08 | LT. No. 325937 | चलानी नं. ६०२४०००७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plasterer | 2 | 0 | 177320 | १,६७,९१४ | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

कम्पनी : RAED BIN YOUSEF BIN KHALIFA AL KHALIFA CAR WASH — सेवा शुल्क : नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८२/03/08 | LT. No. 325956 | चलानी नं. ६०२४०००८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CAR WASHER & LUBRICATOR | 3 | 0 | 1000 | ३६,९५७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:** (क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू:** (क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिबद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।

१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः ५०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

■ **नोटः** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

**नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १७ गते (1st July 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | - | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CHANDANI RECRUITMENT SERVICE CENTER PVT LTD
Bansidhara Marga, Chandol-4,Kathmandu,Nepal, Tel: +977-5914697, 5914698
Email : chandanirecruitment@gmail.com, Web: chandanirecruitment.com.np
1610/079/80



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

प्रकाशित मिति २०८२/०३/१० गते

यस कार्यालयमा मिति २०७८/१०/२० मा दर्ता भएको प्रा.लि. नं. २८२९८९ को **सिद्धार्थ ईन्टरनेशनल मल्टिपर्पोज प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८१/११/११ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



## साउदीमा रोजगार

कम्पनी : Mahdi Marzah bin Mohammed Al Abbas Est.

पूर्व स्वीकृति मिति : २०८२/03/09 | LT. No. 326046 | चलानी नं. ६०२३९९९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading & Unloading Workers | 2 | 0 | 1000 | ३७,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १७ गते (1st Jul. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



## युएइमा रोजगार

कम्पनी : ALSARH RECRUITMENT SOLE PROPRIETORSHIP L.L.C

पूर्व स्वीकृति मिति : २०८२/03/09 | LT. No. 326066 | चलानी नं. ६०२४०००५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourer / Building worker | 100 | 0 | 800 | ३०,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १७ गते (1st Jul. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


NEW ALFA HR SERVICES PVT. LTD.
Maharajgunj-3, Kathmandu, Nepal, Contact: 01-4721183, 9841531176, E-mail : newalfahrs@gmail.com, Web: www.newalfahrs.com
Govt. License No. 1090/073/74



**श्री सगरमाथा सामुदायिक वन उपभोक्ता समूह**
**रौतामाई गाउँपालिका–५ उदयपुरको**

**समूह बाहिर काठ विक्री सम्बन्धी दोस्रो पटक प्रकाशित सूचना !**

*प्रकाशित मिति : २०८२/०३/१० गते*

यस सामुदायिक वनबाट आर्थिक वर्ष २०८१/०८२ मा सङ्कलन गरी घाटगद्दि गरेका लट नम्बर १ को खयर थान ५१० को ५०५.०४ क्युफिट लट नम्बर २ को साल थान ६३.३९ क्युफिट काठ जे जो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्री समूह बाहिर गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, संघसंस्था, फर्म वा कम्पनीले यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले १५ दिनभित्र सिलबन्दी **बोलपत्र दाखिला** गर्न आह्वान गरिन्छ । पूर्ण व्यहोराको सूचना समूहको सूचना पाटीमा टाँस गरिएको छ ।



## साउदीमा रोजगार

कम्पनी : Palm Springs International Company

पूर्व स्वीकृति मिति : २०८२/03/08 | LT. No. 325782 | चलानी नं. ६०२३९७३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 18 | 0 | 1000 | ३७,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १७ गते (1st Jul. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


All Asia Overseas Pvt.Ltd
Ratopul, Gaushala-7, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com
श्रम ईजाजत नं. १३०५/०७४/०७५



**श्री रानीबास सामुदायिक वन उपभोक्ता समूह**
**रौतामाई गाउँपालिका–३ उदयपुरको**

**समूह बाहिर काठ विक्री सम्बन्धी दोस्रो पटक प्रकाशित सूचना !**

*प्रकाशित मिति : २०८२/०३/१० गते*

यस सामुदायिक वनबाट आर्थिक वर्ष २०८१/०८२ मा सङ्कलन गरी घाटगद्दि गरेका लट नम्बर १ को खयर थान ५४९ को ५८७.६० क्युफिट काठ जे जो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्री समूह बाहिर गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, संघसंस्था, फर्म वा कम्पनीले यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले १५ दिनभित्र सिलबन्दी **बोलपत्र दाखिला** गर्न आह्वान गरिन्छ । पूर्ण व्यहोराको सूचना समूहको सूचना पाटीमा टाँस गरिएको छ ।



## साउदीमा रोजगार

कम्पनी : KUDA ALSHAMAL CO

पूर्व स्वीकृति मिति : २०८२/03/09 | LT. No. 325846 | चलानी नं. ६०२४०००४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Equipment Operator | 5 | 0 | 2500 | ९२,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८२ असार १७ गते (1st Jul. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | कामदारले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


FAST EMPLOYMENT SERVICE (P) LTD
Kunpondole, In front of Hotel Himalaya, Lalitpur, Tel. No: +977-5180421/ 5180431
E-mail : fastemployment1399@gmail.com, Web: www.fastemployment.com.np
Govt. License 1399/074/75



**निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सूचना**

(प्रकाशित मिति २०८२ साल असार महिना १० गते मंगलबार)

पद्मम राज जोशीको नाति, बिष्णु राज जोशीको छोरा मधेश प्रदेश सर्लाही जिल्ला लालबन्दी न.पा. वडा नं ०७ बस्ने वर्ष ७७ को. नारायण राज जोशीको मिति २०८२/०१/३१ मा मृत्यु भएकोले निजको नाममा यस विकास बैंक लि. को शाखा कार्यालय लालबन्दीमा रहेको बचत खातामा भएको निक्षेप रकम भुक्तानी पाउँ भनी लालबन्दी-०७ बस्ने श्री नरेन्द्र राज जोशीले निवेदन दिनुभएकोले उक्त बचत तथा निक्षेप रकममा निज निवेदक वाहेक अन्य कोही कसैको हकदावी भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११ (२) बमोजिम अग्राधिकारवाला हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस विकास बैंकको शाखा कार्यालय लालबन्दीमा सबुत प्रमाण सहित दावी निवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । म्यादभित्र प्राप्त नभएको र रीत नपुगेको निवेदन उपर कुनै कारवाही नहुने र म्याद भुक्तान पश्चात कसैको दावी परेमा निवेदकको दावी बमोजिम भइजाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"
मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999,
Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ



## युएइमा रोजगार

कम्पनी : LAZOURDY CONTRACTING & GENERAL MAINTENANCE

पूर्व स्वीकृति मिति : २०८२/03/09 | LT. No. 326058 | चलानी नं. ६०२३९९८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Const. Steel Fixer | 25 | 0 | 1200 | ४५,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Masion | 25 | 0 | 1200 | ४५,३९० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १७ गते (1st Jul. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Indigo Overseas Pvt. Ltd.
Samakhushi, Kathmandu, Nepal Tel : +977-1-4387787 / 6201955, Mobile No.9840806449, 9823025516
E-mail : indigo.pukar@gmail.com, indigo.recp@gmail.com, Website : www.ioplneoal.com



## युएईमा रोजगार

कम्पनी : Bayt Al Mubarak Building Maintenance

पूर्व स्वीकृति मिति : २०८१/१२/१६ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/03/09 | LT. No. 321366 | चलानी नं. ६०२४०००५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Painter | 12 | 0 | 1200 | ४५,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Tile layer | 13 | 0 | 1200 | ४५,३९० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १७ गते (1st Jul. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Mobhira Overseas Service Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Tel: +977 -014982832
Email: mobhiraoverseas111@gmail.com, mobhiraoverseas222@gmail.com
Govt. License 083/053/054



**ह्याविट्याट पावर कम्पनी लिमिटेड**
**का.म.न.पा. ५, हाँडीगाउ, काठमाडौं को**

**विशेष साधारण सभा सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति २०८२/०३/१०

आदारणीय शेयरधनी महानुभावहरु,
यस ह्याविट्याट पावर कम्पनी लिमिटेडको मिति २०८२/०३/०९ गते बसेको संचालक समितिको बैठकको निर्णयानुसार यस ह्याविट्याट पावर कम्पनी लिमिटेडको विशेष साधारण सभा निम्न मिति, स्थान, र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न सभा संचालन हुने भएको हुँदा कम्पनी ऐन २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवं उपस्थितीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१.सभा हुने मिति, स्थान तथा समय :**
मिति: २०८२ असार २५ गते बुधबार तदनुसार (8 july 2025)
स्थान: कम्पनीको रजिष्ट्र्ड कार्यालय, का.म.न.पा. ५, हाँडीगाउ, काठमाडौं ।
समय: विहान ९:०० बजे ।

**२.सभामा छलफल गरिने प्रस्तावहरु :**
१) जारी पूँजी बृद्धि गर्ने बारे,
२) प्रबन्ध पत्रको दफा (६) (ख) र (ग) संशोधन गर्ने बारे,
३) जारी पूँजी बृद्धि पश्चात् हकप्रद शेयर निष्काशन गर्ने बारे,
४) सर्वसाधारण तथा स्थानियका लागि छुट्याइएको शेयर (IPO) जारी गर्ने बारे,
५) पूँजी बृद्धि, दफा तथा नियम संशोधन, हकप्रद शेयर निष्काशन गर्ने एवं सर्वसाधारण तथा स्थानियका लागि छुट्याइएको शेयर (IPO) जारी गर्ने लगायतका सम्वन्धमा नियमनकारी निकायहरुबाट कुनै पनि किसिमको फेरबदल, संशोधन एवं थपघट सम्बन्धी निर्देशन प्राप्त भएमा निर्देशन बमोजिमको कार्य गर्न संचालक समिति वा संचालक समितिले तोकेको प्रतिनिधिलाई आवश्यक सम्पुर्ण अख्तियारी प्रदान गर्ने बारे,
६) विविध ।

**३.साधारण सभा सम्बन्धी सामान्य जानकारीहरु :**
१) विशेष साधारण सभा प्रयोजनका लागि मिति २०८२/०३/२० गते शेयरधनी पुस्तिका बन्द रहने भएकोले मिति २०८२/०३/१९ सम्म कायम रहने शेयरधनीहरुले मात्र साधारण सभामा भाग लिन पाउनेछन् ।
२) शेयरधनी महानुभावहरुको उपस्थिती पुस्तिकामा दस्तखत गर्न शेयरधनी उपस्थिती पुस्तिका बिहान ८:३० देखी विशेष साधारण सभा अवधिभर खुल्ला गरिनेछ ।
३) साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा प्रतिनिधि (प्रोक्सी) फाराम भरी सभा सुरु हुनु भन्दा ४८ घण्टा अगावै अर्थात् मिति २०८२/०३/२३ गते बिहान ०९:०० बजे भित्र कम्पनीको रजिष्ट्र्ड कार्यालय हाँडीगाउ काठमाण्डौमा दर्ता गराई सक्नु पर्नेछ । एक भन्दा बढि व्यक्तिलाई प्रोक्सी दिन पाइने छैन, यसरी दिइएको पाइएमा उक्त प्रोक्सी बदर हुनेछ ।
४) प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बन्धीत् शेयरधनीले प्रोक्सी फेरबदल गर्न चाहेमा यस अघि दिइएको प्रोक्सी बदर गरी यो प्रोक्सीलाई मान्यता दिइयोस् भन्ने छुट्टै पत्र सहित प्रतिनिधि (प्रोक्सी) फाराम भरी सभा सुरु हुनु भन्दा ४८ घण्टा अगावै कम्पनीको रजिष्ट्र्ड कार्यालयमा दर्ता गराएको अवस्थामा पुरानो प्रोक्सी स्वत: बदर भएको मानि पछिल्लो प्रोक्सीलाई मान्यता दिइने छ । प्रतिनिधि नियुक्त गरे पश्चात् शेयरधनी स्वयं सभामा उपस्थित भई हाजिरी पुस्तिकामा हस्ताक्षर गरेमा निजले दिएको प्रोक्सी स्वत: बदर हुनेछ ।
५) नाबालक शेयरधनीहरुको तर्फबाट कम्पनीको शेयरधनी दर्ता किताबमा संरक्षकको नाममा दर्ता भएका महानुभावले सभामा भाग लिन वा मतदान गर्न वा प्रेक्सी नियुक्त गर्न सक्नेछन् ।
६) एक भन्दा बढि व्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्व सम्मतीबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र वा शेयरधनी दर्ता किताबामा पहिलो नामा उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्नेछन् ।
७) साधारण सभा सम्बन्धि थप जानकारीका लागि कम्पनीको रजिष्ट्र्ड कार्यालय, हाँडीगाउ काठमाडौंमा कार्यालय समयमा सम्पर्क गर्नुहुन अनुरोध गर्दछौं ।

धन्यवाद ।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# मध्यपूर्वका नेपालीको सुरक्षामा ध्यान देऊ सरकार

मध्यपूर्वमा इरान र इजरायलबीचको युद्धको तनाव अब खाडी मुलुकहरूसम्मै तन्किएको छ । सोमबार रातिबाट कतार, इराक क्षेत्रका अमेरिकी एयरबेसमा इरानले आक्रामण थालेसँगै यहाँ रोजगारीमा पुगेका नेपालीहरूको उद्धारमा सरकारले विशेष ध्यान राख्नुपर्ने बेला आइसक्यो । नेपालीहरू रोजगारी र सरकारी कार्यक्रमअन्तर्गत इजरायलमा पनि छन् । तर त्यहाँ आक्रमण गर्दा त्यहाँ साइरनको व्यवस्था छ भने बंकरहरूको पनि बन्दोबस्त देखिन्छ । तर कतार, बहराइन, साउदी, युएईजस्ता देशमा यस्तो खालको प्रबन्ध छैन ।

कतारमामात्र करिब चार लाख नेपाली रोजगारीको सिलसिलामा रहेको बताइन्छ । यो त औपचारिक तथ्यांक हो । अझै धेरै नेपालीहरू यो क्षेत्रका समुद्री जहाजहरूमा कार्यरत रहेको हुनसक्छ । सम्पन्न मुलुकले आफ्ना नागरिकहरूलाई सुरक्षित रहन आग्रह गरिसकेको छ । नेपालले भने अझै पनि ती क्षेत्रको श्रमिकका लागि के कस्तो गर्ने भन्ने कुनै योजना वा सचेतना पठाउन सकेको छैन ।

इजरायलबाट नेपाल आउन चाहनेलाई पनि सरकारले ल्याउन सकिरहेको छैन । यसका लागि सरकारले भारतसँग सहयोग मागिरहेको छ । यता कतारमा भएका नेपालीहरू यदि नेपाल आउन चाहेको अवस्थामा सरकारले के गर्ने सरकारको कुनै सुरक्षा तयारी पनि देखिँदैन । हुन त नेपालीहरू भगवान्को भरोसामा चल्ने नियति पहिलेबाटै हो । सरकारको कुनै पूर्वतयारी नहुनु एक त आर्थिक पक्ष पनि हो । परराष्ट्रमन्त्री डा. आरजु राणा देउवा आफैंले पनि कुनै पनि मुलुकमा देशका राजदूतावास राम्रो नरहेको बताएकी छन् ।

यस्तो अवस्थामा अब नेपालले के गर्ने ? नेपाल असंलग्न मुलुक हो । पञ्चशीलको सिद्धान्तमा अघि बढेको हुनाले नेपालले अब यी क्षेत्रमा शान्ति कायम गर्न र आफ्ना नागरिकको जीवन जोगाउन सम्पन्न राष्ट्रलाई अनुरोध गर्नुको विकल्प देखिन्न । यसका लागि कूटनीतिक नियोगमार्फत पहल गर्नुपर्छ । यतिबेला युद्ध चर्कंदा संयुक्त राष्ट्रसंघजस्ता संस्थाहरू चुपचाप बसेको देखिन्छ ।

मानव जीवनको रक्षाका लागि नेपालले राष्ट्रसंघजस्ता निकाय गुहार्न सक्नुपर्छ । यसैगरी द्वन्द्वरत मुलुकहरूसँग पनि आफ्नो नागरिकको जीवन सुरक्षाका लागि सरकारले विशेष पहल गर्न सक्नुपर्छ । यस्तै अवस्था जारी रहे त्यहाँ रहेका नेपालीहरूलाई सुरक्षित तवरले देश फर्काउने वातावरण सरकारले तयार गर्नुपर्छ ।

## श्रम सरोकार

# वैदेशिक रोजगारीका क्रममा समस्यामा परे के गर्ने ?

वैदेशिक रोजगारीका क्रममा विभिन्न समस्या आइपर्न सक्छन् । त्यसैले त्यस्ता सम्भावित समस्याप्रति पहिले नै सतर्क रहनुपर्छ । कुन समस्या आउँदा कहाँ सम्पर्क गर्ने भन्नेबारे पूर्वतयारीका साथ रहनुपर्छ । रोजगारदाता वा कार्यस्थलमा कुनै पनि कुरामा चित्त नबुझेमा नेपाली दूतावासमा गई उजुरी गर्नुपर्छ । तपाईंले त्यहाँको श्रम मन्त्रालयको कानुन उल्लंघन शाखामा पनि उजुरी गर्न सक्नुहुन्छ । उजुरी दर्ता गर्न कुनै शुल्क तिर्नुपर्दैन । उजुरीका लागि तपाईंसँग राहदानी तथा करारनामाको प्रतिलिपि हुनु आवश्यक हुन्छ । उजुरी दर्ता भएपछि त्यो आधिकारिक हुन्छ । समस्या समाधान नभएसम्म तपाईंलाई उनीहरूले देशनिकाला गर्न मिल्दैन । यद्यपि, राजदूतावासले खटाएको वकिललाई आफ्नो वारेसनामा दिई स्वेच्छाले त्यो देश छोड्न सक्नुहुन्छ । तपाईंलाई थाहा नदिई रोजगारदाताले तपाईंको प्रवेशाज्ञा रद्द गराएको अवस्थामा पनि यस्तै वारिसनामा दिई त्यो देश छाड्न सक्नुहुन्छ ।

नेपालमा भएका सहयोगी संस्थाहरूको टेलिफोन नम्बर साथमा राख्नुहोस् । नेपाली दूतावास वा त्यहाँको श्रम मन्त्रालयसम्म तपाईं जान सक्नुहुन्न भने तपाईंका लागि यस्ता संस्थाहरूले उजुरी दर्ता गराई सहयोग गर्न सक्छन् । यसका लागि तपाईंको पूरा नाम, राहदानीको प्रतिलिपि वा नम्बर, तपाईं बस्ने ठाउँको ठेगाना, मोबाइल नम्बर, काम गर्ने कम्पनीको नाम, उजुरीको छोटो विवरण र दूतावासबाट कस्तो सहयोग खोज्नुभएको हो भन्नेबारे सहयोगी समूह वा संस्थालाई जानकारी गराउनुहोस् ।

उजुरी गर्ने कामदारलाई कुनै-कुनै रोजगारदाताले देशनिकाला गराउन खोज्छन् । तपाईंको इच्छाविना तपाईंलाई देशनिकाला गराउन खोजेको कुरा अनुगमन गर्ने अधिकारीलाई भन्नुहोस् । उनीहरूले सहयोगका लागि नेपाली दूतावासमा सम्पर्क गर्ने छन् । खाडी मुलुकबाट बाहिरिन सुरुमा करारनामा गरेको रोजगारदाताको अनुमति चाहिन्छ । मालिक, प्रायोजक वा रोजगारदाताले कामदारले देश छोड्दा कुनै आपत्ति छैन भन्ने पत्रमा हस्ताक्षर गर्नुपर्छ । कुनै अपराध गर्नुभएको छैन भने करार अवधि पूरा भएपछि तपाईंलाई घर फर्किने अधिकार छ । रोजगारदाताले फर्कन दिँदैन भने नेपाली राजदूतावासमा उजुरी दिनुहोस् ।

राहदानी कम्पनी वा स्पोन्सरले राखेको बखत यसको म्याद सकिन सक्छ । यस्तो बेलामा राहदानीको म्याद थप्ने बेला भएको जानकारी रोजगारदातालाई गराउने । घरेलु कामदार महिलाहरूका मालिकले मोबाइल खोसेर लाने भएकोले लुकाएर राख्ने र मालिक नभएको बेलामा मात्र प्रयोग गर्ने । नेपाली दूतावास वा अन्य आवश्यक सम्पर्क नम्बरलाई मोबाइलबाहेक व्यक्तिगत डायरीमासमेत टिपोट गरेर राख्ने गर्नुहोस् ।

# सांस्कृतिक समानताले सुदृढ नेपाल-भारत सम्बन्ध



■ शैलेन्द्रकुमार श्रेष्ठ

> सन् २०१८ मा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको मुक्तिनाथ मन्दिर भ्रमणपश्चात् भारतीय धार्मिक पर्यटकहरूको उल्लेख्य वृद्धि भएको थियो । नेपाल र भारत दुवै देशबाट धार्मिक तथा आध्यात्मिक तीर्थयात्राको आदान-प्रदान अझै ठूलो मात्रामा बढ्ने आशा गर्न सकिन्छ । भारतजस्तो विशाल जनसंख्या भएको देशबाट थोरै प्रतिशतमात्र धार्मिक पर्यटक नेपाल आएका खण्डमा पनि यसले नेपालको आर्थिक समृद्धिमा ठूलो टेवा पुऱ्याउने छ ।

नेपाल तपोभूमि, देवभूमि र सनातन संस्कृतिको सञ्चयक भूमि, एक यस्तो पवित्र भूमि हो, जहाँ धर्मको सुवास पाइन्छ, जहाँ प्रत्येक कणमा तपस्याको ऊर्जा बग्दछ । यही भूमि हो, जहाँ पशुपतिनाथ, मुक्तिनाथ, जनकपुरधाम, बराहक्षेत्र, रामधुनी, हलेसी महादेव, दन्तकाली, दक्षिणकाली, बडीमालिका, गोसाइँकुण्ड, दामोदरकुण्ड, लुम्बिनी, देवघाट, गण्डकी नदीको किनारमा रहेको त्रिवेणीघाट वाल्मीकि आश्रम तथा लवकुश क्षेत्र, त्रिशूली र कौशिकी नदीजस्ता अनगिन्ती तीर्थस्थल र थुप्रै पवित्र नदीनालाहरू अवस्थित छन् । यी तीर्थहरूले नेपाललाई केवल भौगोलिकरूपमा मात्र होइन, आध्यात्मिक दृष्टिले पनि तपोभूमि, देवभूमि र पुण्यस्थलको रूपमा चिनाएका छन् । यो भूमि भगवान् शिव, विष्णु, राम, बुद्ध र असंख्य ऋषिमुनिहरूको तपोस्थल हो । धार्मिक ग्रन्थहरूले नेपालस्थित तीर्थहरूको विशेष महिमा गाएका छन्:

'काश्यां तु मरणं मुक्तिः पशुपत्यां तु दुर्लभा' (स्कन्द पुराण, काशी खण्ड) 'मुक्तिनाथो बदर्यस्तु शालग्राम शिला तथा' गरुड पुराण, पूर्वखण्ड, अध्याय १६) 'पुर रम्यता राम जबदेखि । हरषे अनुज समुझि बिसेषी ॥' (रामचरितमानस, बालकाण्ड, दोहा २१२) यी शास्त्रीय प्रमाणहरूले नेपालको आध्यात्मिक गरिमा र गौरवलाई पुष्टि गर्छन् ।

जगतगुरु महायोगी सिद्धबाबाको योगदान र नेपालको आध्यात्मिक पुनर्जागरण सगरमाथाको काखमा जन्मिएका महायोगी सिद्धबाबाले बाल्यकालमै गृहत्याग गरी भौतिक विज्ञानअन्तर्गत हिमालयका वनस्पतिको द्रव्य गुणमा विद्यावारिधिसमेत गरेका छन्, उनी नाडी एवं खगोल विज्ञानमा पनि निस्णात हुन् । संस्थागत संलग्नतामा उनी जगतगुरु रामानन्दचार्य सेवा पेट चतराका संस्थापक एवं पिठाधीश महायोगी सिद्धबाबा आध्यात्मिक प्रतिष्ठान भक्तपुरको संस्थापक एवं आजीवन अध्यक्ष, द हिमालयन पाशुपत सिद्ध महायोग वटावा क्यानाडा र महायोगी सिद्धबाबा अध्यात्मिक प्रतिष्ठान बेलायतका प्रमुख संरक्षकका साथै देश विदेशमा रहेका अन्य दर्जनौं संस्थामा प्रमुख संरक्षक सल्लाहकार आदिजस्ता भूमिकामा सम्बद्ध छन् ।

नेपाल जननीका बरद पुत्र रत्न समाधि सिद्ध त्रिदण्डी स्वामी, तारकब्रह्म पीठाधीश्वर, अनन्त श्रीविभूषित, जगतगुरु श्री रामानन्द आचार्य स्वामी रामकृष्णचार्य महायोगी सिद्धबाबाले बाल्यकालमै गृहत्याग गरी हिमालय खण्डदेखि मरुभूमिसम्मको कठिन वातावरणमा घोर तपस्या गरे । उनले 'सुरत-शब्द योग' (जसलाई पाशुपतसिद्ध महायोग वा हिमालयन सिद्धयोग पनि भनिन्छ) प्राप्त गरे । यो योग मार्ग सम्पूर्ण मानवताका लागि जात, धर्म, लिंग र सीमाभन्दा माथि उठेर आत्म-साक्षात्कारको मार्ग हो ।

गुरुदेवले २०६३ सालदेखि नेपालकै पवित्रस्थल बराहक्षेत्रमा रही सनातन वैदिक धर्मको पुनर्जागरण र आध्यात्मिक चेतनाको संरक्षणमा आफूलाई समर्पित गरेका छन् । आज उनको प्रभाव नेपाल र भारतमा मात्र सीमित नरही अमेरिका, अस्ट्रेलिया, युरोपजस्ता देशहरूमासमेत फैलिइसकेको छ । २०७२ चैत २६ गतेदेखि २०७३ वैशाख ३ गतेसम्म पोखरास्थित रामघाटमा सञ्चारकर्मी, सरकारी चिकित्सक सुरक्षा निकाय, वरिष्ठ राजनीतिक व्यक्तित्व बुद्धिजीवी प्रतिष्ठित व्यक्तित्वलगायत लाखौं श्रद्धालुको उपस्थितिमा गुरुदेवले नौ दिनसम्म लिइसकेको जीवित भू-समाधि आधुनिक विज्ञानका लागि पनि अचम्मको विषय बन्यो । जिम्मेवार भुसमाधि व्यवस्थापक तथा सञ्चारकर्मी पत्रकारहरूसमेतको उपस्थितिमा काठको बाकसभित्र उत्तानो सुती ढोका बन्द गरी बाकसभित्रको चार ढोकामा ताल्चा लगाई उक्त काठको बाकसलाई प्लास्टिकले बेरेर माथिबाट माटोले पुरी माटोको ढिस्कोजस्तो थुप्रोमा पानी छर्की जौ छरियो । नौ दिनसम्म अन्न, जल र अक्सिजनविना समाधिमा बसेर जीवितै बाहिर निस्कन सक्ने शक्ति केवल वैदिक योग, आत्मबल र सिद्धताको जीवन्त प्रमाण हो । यस प्रकार सद्गुरुदेवले सनातन हिन्दू धर्मका हाम्रा अग्रज ऋषिमुनिहरूमा रहेको समाधिसिद्ध क्षमताको सप्रमाण प्रतिनिधित्व गरी वैदिक सनातनभित्र रहेको योग र साधनामा रहेको शक्ति संसारसामु उजगार गर्दै आध्यात्मिक पुनर्जागरण अभियानमा नवीनतम् चेतना जागृत गराइदिएर अन्तर ाष्ट्रियस्तरमै नेपालको अध्यात्मिक गौरव र गरिमालाई सगरमाथा उचाइमा पुऱ्याइ दिएका छन् ।

एक ऐतिहासिक अवसर यही दिव्यता र तपस्याको उच्चतम उदाहरण बनेका गुरुदेव महायोगी सिद्धबाबालाई भारतको श्रीराम जन्मभूमि अयोध्याधामस्थित श्री मणिरामदास छावनी, जुन युगौंदेखि वैष्णव परम्पराको महान केन्द्र रहँदै आएको छ, उक्त केन्द्रबाट प्रमुख अतिथि तथा प्रमुख सत्संग वाचकका रूपमा आमन्त्रित गरिएको छ । सन् २०२५ जुन १-१० सम्म परम पूज्य महन्त श्री नृत्य गोपाल दासजी महाराजको ८७औं प्राकट्य दिवसका अवसरमा आयोजना हुने यस भव्य आध्यात्मिक महोत्सवमा भारतभरिका शंकराचार्य, महात्मा, मुख्यमन्त्री, मन्त्रीहरू, राष्ट्रसेवकहरू र लाखौं श्रद्धालुको उपस्थिति रहने छ ।

दूरदर्शनमार्फत करोडौं जनसमुदायले हेर्ने यो समारोह नेपालको वैदिक पहिचान र आध्यात्मिक गरिमाको अन्तर्राष्ट्रिय सम्मान हो । परम पूज्य महायोगी सद्गुरुदेवलाई गरिएको यो गौरवशाली निमन्त्रणाले नेपाल-भारत सम्बन्धलाई केवल सामाजिक वा भौगोलिक नभई आध्यात्मिक र सांस्कृतिक आत्मीयताको सूत्रमा थप बलियो बनाउने विश्वास दिलाउँछ ।

जनकपुर-अयोध्या, पशुपति-काशी, मुक्तिनाथ-बद्रीनाथ, अमरनाथ, रामेश्वरम र तिरूपति-बराहा क्षेत्र चतराधाम र लुम्बिनीजस्ता सम्बन्धहरूले हाम्रो साझा सनातन सम्पदालाई बलियो बनाएका छन् ।

### धार्मिक पर्यटनमार्फत समृद्धिको सम्भावना

वर्तमान समयमा धार्मिक र आध्यात्मिक तीर्थयात्राको महत्त्व बढ्दै गएको विभिन्न उदाहरणहरूले देखाउँछन् । धार्मिक तीर्थयात्रीहरू नेपाल र भारतबाट छिमेकी राष्ट्र चीनको कैलाश पर्वतमा दर्शनार्थ जाने श्रद्धालुहरूको संख्या बढ्दो क्रममा रहेको तथ्यांकले देखाउँछ ।

त्यसैगरी भारतमा हुने कुम्भमेलामा नेपाललगायत देश-विदेशबाट जम्मा हुने करोडौंको संख्यामा पर्यटकले धार्मिक पर्यटनको महत्त्व उजागर गरिरहेका छन् । यस्तै श्रीराम जन्मभूमि अयोध्यामा २०८० सालको जनवरीमा राममन्दिर उद्घाटनपछि वार्षिक दुई करोड २१ करोड पर्यटक संख्या बढेर अहिले दैनिक नै एक लाख ५० लाख पुगेको तथ्यांकले धार्मिक पर्यटनको महत्त्व र त्यसबाट राष्ट्रलाई प्राप्त हुने आर्थिक समृद्धिको जलन्त उदाहरण प्रस्तुत गर्दछ । त्यसैले नेपालको महायोगी सिद्ध बाबालाई प्राप्त ऐतिहासिक निमन्त्रणालाई देवभूमि र तपोभूमिका रूपमा आफ्नो मौलिक पहिचानलाई विश्वसमक्ष प्रस्तुत गर्ने अवसरको रूपमा सदुपयोग गर्दै धार्मिक तथा अध्यात्मिक पर्यटनको सम्भावनालाई योजनाबद्ध व्यवस्थापनद्वारा आर्थिक समृद्धिको महत्त्वपूर्ण स्तम्भको रूपमा विकास गर्न सक्नु पर्दछ ।

सन् २०१८ मा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको मुक्तिनाथ मन्दिर भ्रमणपश्चात् भारतीय धार्मिक पर्यटकहरूको उल्लेख्य वृद्धि भएको थियो । सद्गुरुदेवको अयोध्यामा हुने १० दिने दिव्य र भव्य कार्यक्रममा मुख्य अतिथिको रूपमा हुने गरिमामय सहभागितापछि नेपाल र भारत दुवै देशबाट धार्मिक तथा आध्यात्मिक तीर्थयात्राको आदान-प्रदान अझै ठूलो मात्रामा बढ्ने आशा गर्न सकिन्छ । भारतजस्तो विशाल जनसंख्या भएको देशबाट थोरै प्रतिशतमात्र धार्मिक पर्यटक नेपाल आएका खण्डमा पनि यसले नेपालको आर्थिक समृद्धिमा ठूलो टेवा पुऱ्याउने छ ।

### नेपाल-भारत: साझा सनातन सम्पदाका वाहक

वैदिक सनातन धर्मको रक्षा, सम्वर्द्धन र प्रवर्द्धनका दुई प्रमुख वारिस नेपाल र भारतको धार्मिक समागमले हामी सबैलाई स्मरण गराउँछ कि हाम्रो आस्थाका देवीदेवता र तीर्थस्थलहरू साझा धार्मिक सम्पदा हुन् । यस प्राकट्य महोत्सवमा सञ्चालन हुने धार्मिक कार्यक्रमको सत्संगमार्फत सद्गुरुदेवद्वारा समस्त सनातनी आमजनमानसमा यो भावना उजागर गरिने अपेक्षा गरिएको छ, जसले नेपालको धार्मिक पर्यटन प्रवर्द्धनमा उल्लेखनीय टेवा पुऱ्याउने छ ।

वर्तमान परिप्रेक्ष्यमा मित्रराष्ट्र भारतका धार्मिक पर्यटकहरू वृद्धि भइरहेको अवस्थामा नेपालका पवित्र तीर्थस्थलहरू पशुपतिनाथ, जनकपुर, लुम्बिनी, मुक्तिनाथ, रामधुनी, गोसाइँकुण्ड, दामोदरकुण्डलाई केन्द्र बनाएर महायोग शिविर, गुरुकुल शिक्षा, बौद्ध परिपथ (लुम्बिनी-बोधगया-सारनाथ-कुशीनगर) र रामायण परिपथजस्ता धार्मिक तथा अध्यात्मिक विकासका गतिविधिलाई संयुक्त पहलद्वारा अन्तर्राष्ट्रिय आध्यात्मिक पर्यटन, सांस्कृतिक आदानप्रदान तथा पूर्वाधार विकासलाई प्रवर्द्धन गर्ने प्रयासमा सद्गुरुदेवको अयोध्यामा प्रमुख अतिथिको रूपमा हुने ऐतिहासिक सहभागिताले उचित वातावरण निर्माण गर्नुका साथै थप बल पुऱ्याउने आशा पनि गर्न सकिन्छ । यसबाट पर्यटन, होटल, यातायात, कृषि, हस्तकला, सांस्कृतिक कार्यक्रम र धार्मिक सामग्रीका क्षेत्रमा रोजगारी सिर्जना हुँदै उद्यमशीलताको वातावरण विकास हुने छ ।

### निष्कर्ष

हामी सबै नेपालीले गर्वपूर्वक स्वीकार गर्नुपर्छ कि सद्गुरुदेव महायोगी सिद्धबाबा देशभक्त राष्ट्रप्रेमी नेपाल जननीका बरद पुत्र रत्नका रूपमा पाउनु सम्पूर्ण नेपालीको सौभाग्य हो । गुरुदेवजस्ता सिद्ध पुरुषको हाम्रो माटोमा जन्म, तपस्याबाट प्राप्त ब्रह्मज्ञान, समाज, राष्ट्र र मानवताको कल्याणमा समर्पण तथा वैदिक सनातन संस्कृतिको संरक्षण र पुनर्जागरणमा पुऱ्याएको योगदानलाई केवल धार्मिक वा आध्यात्मिक दृष्टिले मात्र नभई मानव कल्याण तथा राष्ट्र निर्माण र समृद्धिको लागि गरिएको प्रयासको रूपमा हेर्नुपर्छ । हामी सबैले गुरुदेवले देखाएको अध्यात्मिक मार्गदर्शनमा अगाडि बढ्नु आजको आवश्यकता हो, जसले नेपालको उज्ज्वल भविष्य सुनिश्चित गर्दछ ।

धार्मिक पर्यटनको विकासद्वारा युवाहरूलाई वैदेशिक पलायनबाट जोगाउँदै स्वदेशमै रोजगारीको अवसर प्रदान गर्ने, समाजमा आत्मनिर्भरता बढाउने र आर्थिक समृद्धिको बाटो खोल्न सकिन्छ । अतः अयोध्याधामको निमन्त्रणालाई एक ऐतिहासिक अवसरको रूपमा सदुपयोग गरी धार्मिक पर्यटन प्रवर्द्धन र व्यवस्थापनलाई राष्ट्रिय रणनीति बनाएर, हामी सबै एकजुट भई राष्ट्रिय अभियानका रूपमा अगाडि बढाउँ, समृद्ध नेपाल निर्माणतर्फको यात्रा सुरु गरौं । *रासस*

***(लेखक पूर्वसशस्त्र प्रहरी महानिरीक्षक तथा मानवअधिकार कानुन र अन्तर्राष्ट्रिय सांस्कृतिक सम्पदा संरक्षणका विज्ञ हुन्)***






✍ बैकुण्ठ भण्डारी

# खान जन्मिएका हौ, खाओ !

राजन काका फलैंचामा उप्परखुट्टी लगाएर बसेका छन् । ठुल्पाटोमा हरियै भएको मकैबारीमा गोरु छिरेको देखेका राजन काका गोरु धपाउन न आफू गए । न अरुलाई अह्राए ! टुलुटुलु हेरेर मात्र बसेका छन् ।

सानो बाख्राको पाठो बारीका बाटामा छिर्दासमेत गाउँ नै हल्लिनेगरी कराउने राजन काका मकैबारीमा गोरु छिरेर धुस्न पार्दा पनि नबोलेपछि परिवारका सब तीन छक्क परे । राजन काका मुसुमु हाँसेर बसेको देखेपछि किशोर ठूलो बाउको मन भित्रैबाट पोलिरहेको थियो । उनी आँखीझ्यालबाटै कराउन थाले । 'हैन कसको साँढे हो त्यो, अर्काको मकैबारीका बसेर धुस्नै पार्दा पनि टुलुटुलु हेरेर बस्ने ! आँखा फुट्न नसकेको ।'

उता पल्लो घरबाट दाजु कराएको देखेर राजन काका ठूल्पाटोमा हरियो मकैका बोट मस्तसँग खाइरहेको गोरुलाई हेर्दै भन्दै थिए, 'खान जन्मिएका हौ खाओ !'

भाइको कुरा सुनेर राजन फेरि फलाक्न थाले । 'हो नि, खान जन्मिएको हो खाओ, अन्न खानेले घाँस खाओ, घाँस खानेले... खाओ ।'

एउटै आमाको कोखमा जन्मिएका राजन र किशोर त्यही आँगनमा हुर्किए, खेले बढे । तर आज त्यही आँगन उनीहरूका लागि लडाइँ गर्ने कुरुक्षेत्रजस्तै बनेको छ । एकले अर्कालाई देखिनसक्ने ! बिहे अघिसम्म यी दाजुभाइ 'रामलक्ष्मण' को उपमा दिन्थे गाउँका सबैले । तर अहिले यी दुई नै दुर्योधनजस्तै बनेका छन् । एकले अर्काको उछितो नकाटी खाकै नपच्ने !

ठूलाले जे सिकायो सानाले त्यही सिक्छ । अघिल्लो पुस्ताले जस्तो संस्कार सिकाए त्यही नयाँ पुस्ताले सिक्छ र पछिल्लो पुस्तामा त्यही रूपान्तरण हुन्छ भन्दै मुकुन्द हजुरबाको घरमा पण्डितले 'सत्संग' भन्दा भनेका थिए ।

हजुरबा, ठूलाबा, माइलाबा, साइँलाबा, कान्छाबो... यस्तै धेरै बाहरू हुन्थे पहिले एउटै घरमा । सामूहिक परिवार हुन्थ्यो । एकले अर्कालाई सहयोग गर्थे । घरदेखि खेतसम्मको काम 'पर्म' गरेर सिध्याउँथे । गोरुले अर्काको बारीको घाँस खाँदा पनि देख्नेले गोरु लखेट्थ्यो । तर अहिले धेरै व्यवस्था फेरिए त्यही व्यवस्थासँगसँगै अवस्था फेरिनुपर्नेमा मान्छेको व्यवहार नै फेरियो !

व्यवस्थासँगै फेरिएका मानव यसरी फेरिए कि त्यस्तो जनावरजस्तो बन्दै गयो उसले भेटेको खान केही बाँकी राखेन । केही छाड्दैन छाडेन । शौचमा फालिएको नोटमा पनि मुखले टिप्न थाल्यो ।

किशोर फेरि अलि कुर्लियो ! हुन त तँलाइ 'बा' ले त्यही सिकाएका छन्, कति घिच्न सक्छस् घिच् । पाएजति सबै घिच !

उता राजन 'खा भैरे खा' भन्दै छ । यता किशोर पनि जतिसक्दो घिच भन्दै छ । जसरी पनि खानै नै हो । आखिर खानै जन्मिएका त रै'छौ खाओ । सक्दो खाओ । छाद्नेगरी खाओ ! मान्छे बेचेर पनि खाओ, जमिन बेचेर पनि खाओ । नदीनाला, जंगल सबै बेचेरै भए पनि खाओ । सक्छौं भने यो जन्मभूमि पनि बेचेरै खाओ ! के गर्नु खानै जन्मिएका रै'छौ !

देश त तिम्रा बाउको बिर्ता हो नि, खाओ खाओ ! मिलिमिली खाओ । 'बा'ले भनेका छन्- मिलेर बाँडीबाँडी सत्ता खाओ, भत्ता खाओ । दाइले भनेका छन्- जल जंगल सबै बेचेर खाओ । भाउजुले भनेकी छिन्- मान्छे बेचेरै खाओ । जसरी हुन्छ खाओ तर खान र खुवाउनचाहिँ नछोड !

उता राजन फलैंचामा बसेर ताली बजाएर भँगेरा धपाएजस्तै गोरुलाई धपाएजस्तो गरिरहेका छन् । यता किशोर थुतुनो चलाएका चलायै छन् । उता बारीमा गोरुले खाएको खायै छ ! न त राजन काकाको तालीले काम गरेको छ । न त किशोरका थुतुनोले नै काम गरेको छ । गोरु चरेको चऱ्यै छ ।

घोडाको टाप लगाएजस्तै दायाँबायाँ सुन्दै नसुनी हेर्दै नहेरी त्यो भन्दा म के कम भन्दै खाएको खायै छ । लाउडा खाए, सर्लक्कै निले । त्यो काण्डको के कुरा गरम ! फलैंचामा बसेका भाइलाई किशोरले खाओ खाओ भन्दै गीत गाउन थालिहाले । काण्डै काण्ड- धमिजा काण्ड, चेज एयर काण्ड, चाइना साउथवेस्ट काण्ड, एयरबस काण्ड, सुडान घोटाला काण्ड, ओम्नी काण्ड, बूढीगण्डकी, सिसिटिभी काण्ड, वाइडबडी काण्ड, गोकर्ण फरेस्ट रिसोर्ट लिज काण्ड, ७० करोड काण्ड, नून काण्ड, सुन काण्ड, स्मार्ट टेलिकम, नक्कली भुटानी शरणार्थी प्रकरण, ललिता निवास जग्गा अतिक्रमण, ६० केजी सुन काण्ड, साइकल काण्ड, सर्प काण्ड, सहकारी काण्ड, टेरामक्स खाण्ड, स्यानटरी प्याड काण्ड, गिरीबन्धु काण्ड, कम्बोडिया काण्ड... अरे हो ५ काण्डै काण्ड ! खाओ छोरो हो खाओ । आखिर खानै जन्मिएका थियौ खाओ ।

हैन रुच्न पनि कति सकेको ! खान पनि कति सकेको ! खाँदा-खाँदा मान्छे पोल्ने घाट पनि खायौं होइन त ? आहा ! कति राम्रो अवस्था फेरिएको । अवस्था पनि फेरियो, व्यवस्था पनि फेरियो । जसको शक्ति उसको भक्ति भनेको यही हो क्या कान्छा !

यो हो नि त तरिका, मिलीजुली देश बनाऔं । घाटमा कमिसन खानेलाई कहिले लाने ? घाट नछाड्ले अरु अरु के छाड्ला र हो मटचाङ्ग्रा भाइ ? अब खानै जन्मिएका हौ, खाओ भनेर छाडिदिँदा लास जलाउने भाँडोमा त कमिसन खानेले देशको के बाँकी राख्लान् र ? जे होस् 'बा' ले भन्नुभएको छ खान जन्मिएका हौ खाओ । जे-जे सक्छौ गर । जुस खाओ कि घुस खाओ, खानचाहिँ खाओ । खोला बेच कि नहर बेच । मान्छे बेच कि आफन्त बेच । साथ छाडेर भए पनि पनि घाट धाएर भए पनि खानचाहिँ नछोड । आखिर तिमी जन्मिएका नै खानका लागि हौं । त्यसैले फेरि पनि भन्छु खान जन्मिएकाहरू जसरी हुन्छ खाओ । खाओ ! खाओ !!



**बाँध निर्माणस्थल** | तनहुँको ऋषिङ गाउँपालिका–१ मा निर्माणाधीन १४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाको प्याकेज एकअन्तर्गत बाँध निर्माणस्थल । आयोजनाको तीनवटा प्याकेजमा काम भइरहेको छ । *तस्बिरः कृष्ण न्यौपाने/रासस*

# २९ वर्षदेखि अधुरो बुटवल–झुम्सा खानेपानी

## तिनाउको धमिलो पानीकै भरमा बुटवलबासी

■ **दामोदर खनाल**



**बुटवल–** पश्चिम नेपालको औद्योगिक एवं व्यापारिक केन्द्र बुटवलमा निर्माणाधीन बुटवल-झुम्सा खानेपानी आयोजना समयमै सम्पन्न नहुँदा बुटवलमा खानेपानी समस्या बढ्दै गएको छ । यहाँ पानीको प्रमुख स्रोत तिनाउ बर्खामा धमिलिने हुँदा हिउँदमाभन्दा बर्खामा खानेपानीको समस्या बढी हुने गर्दछ ।

पटक-पटक गरी २९ वर्षमा करिब ७० करोड रूपैयाँभन्दा बढी बजेट खर्च भएर करिब निर्माण सम्पन्न भएको उक्त खानेपानी आयोजना राजनीतिक दलका नेताहरूले ध्यान दिन नसक्दा वर्षौंदेखि अलपत्र बनेको हो । २०५२-५३ सालमा सुरु भएको यो आयोजना २९ वर्ष लाग्दा पनि पूरा हुन नसकेपछि बुटवलवासीले यो आयोजनालाई काठमाडौंको मेलाम्ची खानेपानी आयोजनासँग तुलना गर्न थालेका छन् । बुटवलवासी बर्खामा तिनाउको धमिलो पानीकै भर पर्ने गरेका छन् ।

बुटवल उपमहानगरपालिकाले पनि बुटवलको खानेपानीको समस्याबारे ठोस कदम चालेको देखिँदैन । बुटवलमा खासगरी वडा नम्बर ७ र ८ का बासिन्दा बढी समस्या भोग्न बाध्य भएका छन् । अन्य स्रोत पर्याप्त नभएका कारण बुटवलवासी बर्खामा तिनाउको धमिलो पानीकै भर पर्ने गरेका छन् । कतिपय उपभोक्ता त ट्यांकर र जारको पानी किनेर गुजारा चलाउन बाध्य छन् ।

तिनाउको धमिलो पानी खाने कि नखाने द्विविधामा परेका उपभोक्ता छालालगायत स्वास्थ्यमा विभिन्न समस्या आउनसक्ने चिन्तामा छन् । लगातार पानी पर्‍यो भने तिनाउको यही धमिलो पानी पनि मोटरबाट तान्न समस्या हुने हुँदा उपभोक्तालाई पानीको थप समस्या पर्दछ । नेपाल खानेपानी संस्थान बुटवल शाखा कार्यालयका प्राविधिक राजकुमार चौधरीले वर्षा हुँदा पानी धमिलो हुने हुँदा पम्प बिग्रने गरेको गुनासो गरे । धमिलो पानीका कारण केही उपकरण बिग्रेको उनले बताए ।

बुटवल वडा नम्बर ८ प्रगति टोल विकास संस्थाका अध्यक्ष मोहनविक्रम प्याठ बुटवलमा लामो समयदेखि खानेपानीको समस्या हुँदा पनि खानेपानी संस्थान तथा सरोकारवाला निकायको ध्यान नगएको गुनासो गर्छन् । खानेपानीको समस्याबारे खानेपानी संस्थान र वडा कार्यालयमा पुगेर पटक-पटक जानकारी गराएको उनी बताउँछन् ।

पानीको समस्या भएपछि बुटवलवासी सार्वजनिक धाराबाट इरिक्सा, मोटर साइकल, साइकलबाट पानी ओसार्न बाध्य छन् । बुटवल दिपनगरका विक्रम पोखरेल आफूले दैनिक जार र बोत्तलमा मिलनचोक तीनकुनेको सार्वजनिक धाराबाट पानी ल्याएर उपभोग गर्ने गरेको बताउँछन् । घरको धारामा आउने पानी धमिलो भएका कारण सार्वजनिक धाराबाट पानी ओसारेर गुजरा गर्ने गरेको बताउँछन् ।

बुटवलमा लामो समयदेखि खानेपानी संस्थानले बुटवलबासीलाई खानेपानी वितरण गर्दै आए पनि बर्खामासमेत पानीको जटिल समस्या हुने गरेको छ । १९ वडा रहेको बुटवल उपमहानगरकामा स्थानीय उपभोक्ता समिति र भूमिगत जलस्रोत, मूललगायत अन्य स्रोतबाट खानेपानी वितरण भइरहेको जनाए पनि पानी पर्याप्त उत्पादन नभएका कारण समस्या भएको हो ।

बुटवल उपमहानगरपालीका वडा नम्बर ८ का वडाध्यक्ष यज्ञप्रसाद पंगेनी खानेपानीको स्रोतको अभावभन्दा पनि तिनाउको धमिलो पानी व्यवस्थापन नहुँदा बढी समस्या भएको बताउँछन् । पानी शुद्धीकरण मेसिनको व्यवस्था हुने हो भने बुटवलमा खानेपानीको समस्या नहुने वडाध्यक्ष पंगेनीको सुझाव छ ।

आयोजनाका प्रमुख मन्दिप श्रेष्ठ २०७८ बाट नयाँ ठाउबाट सुरु भएको आयोजनाको काम अन्तिम चरणमा पुगेको बताउँछन् । अब करिब पुल रहेको ठाउँमा करिब ५०० मिटरजति पाइप जडान गर्न बाँकी रहेकोले बर्खापछि तीन महिनामा काम सकिने जानकारी दिए । आयोजना प्रमुख श्रेष्ठले भने, 'अब बर्खा लाग्यो, केही महिनामा काम सकिन्छ । यो आयोजना सकिएपछि ३० इन्चको पाइपबाट दैनिक करिब तीन करोड लिटरभन्दा बढी पानी आपूर्ति हुन्छ ।'

बुटवलमा खानेपानीको स्रोतको अभाव नभए पनि खानेपानी समस्या समाधानमा तीनै तहका सरकार गम्भीर भएर नलागेका कारण खानेपानीको समस्या उत्पन्न भएको स्थानीयको भनाइ छ । विविध कारणले गर्दा निर्माणमा ढिलासुस्ती भएको निर्माणाधीन बुटवल-झुम्सा खानेपानी आयोजना सम्पन्न हुने हो भने पर्याप्त पानीको आपूर्ति भएसँगै बुटवलको खानेपानी समस्या समाधान हुने खानेपानी संस्थानका प्राविधिक बताउँछन् ।

# हरिहरपुरगढीको बजेट ६१ करोड १३ लाख

## अर्थिकरूपमा सबल र आत्मनिर्भर बनाउने लक्ष्य

■ **प्रभाव संवाददाता**



**सिन्धुली–** हरिहरपुरगढी गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि ६१ करोड १३ लाख ५५ हजार रूपैयाँको बजेट ल्याएको छ । गाउँपालिकाको आज सम्पन्न २१औं गाउँसभामा गाउँपालिकाका उपाध्यक्ष चेखबहादुर थिङले उक्त बजेट प्रस्तुत गरेका हुन् ।

बजेटमा कृषि, शिक्षा, पर्यटन र सडकलगायत पूर्वाधार विकासलाई प्राथमिकतामा राखिएको उनले बताए । यसअघि अध्यक्ष बज्रध्वज वाइबाले गाउँसभामा प्रस्तुत गरेको 'समृद्ध हरिहरपुरगढीको आधार, शिक्षा-कृषि-वन-पर्यटन र पूर्वाधार' भन्ने नारालाई साकार बनाउनेगरी बजेट व्यवस्था गरिएको उपाध्यक्ष थिङले बताए । आगामी आर्थिक वर्षको खर्च व्यहोर्ने स्रोतमध्ये संघीय सरकारबाट १० करोड ८१ लाख र प्रदेश सरकारबाट ९९ लाख २६ हजार रूपैयाँ वित्तीय समानीकरण अनुदानबापत प्राप्त हुने रकम राखिएको उनले बताए । यसैगरी राजस्व बाँडफाँडमार्फत संघीय सरकारबाट ११ करोड ५१ लाख ३६ हजार रूपैयाँ र प्रदेश सरकारबाट सवारीसाधन चार करोड ९७ लाख १० हजार रूपैयाँ, स्थानीय राजस्व बाँडफाँडबाट ४० लाख रूपैयाँ प्राप्त हुने उल्लेख गरिएको छ ।

ससर्त अनुदानतर्फ संघीय सरकारबाट चालुतर्फ २० करोड ४३ लाख रूपैयाँ र पुँजीगततर्फ चार करोड १७ लाख रूपैयाँ प्राप्त हुने उल्लेख छ । प्रदेशबाट ससर्त अनुदान चालुतर्फ एक करोड ५९ लाख छ हजार र पुँजीगत ५० लाख रूपैयाँ प्राप्त हुने जनाएको छ । संघीय सरकारबाट विशेष अनुदान चालुतर्फ एक करोड ६५ लाख रूपैयाँ र समपूरक अनुदान ९३ लाख रूपैयाँ, प्रदेश सरकारबाट समपूरक अनुदान एक करोड ४० लाख रूपैयाँ, प्रदेश सरकारबाट विशेष अनुदान चालुतर्फ ५० लाख रूपैयाँ र गत वर्षको अनुमानित सञ्चित कोष बचत र अन्य प्राप्तिबाट एक करोड सात लाख ७७ हजार रूपैयाँ व्यहोरिने बजेट वक्तव्यमा उल्लेख छ ।

बजेटमा वडागत योजनाहरूका लागि आठ करोड रूपैयाँ विनियोजन गरिएको छ । कार्यालय प्रशासन तथा प्रशासनिक खर्चतर्फ १६ करोड ५३ लाख छ हजार रूपैयाँ, ससर्त अनुदानअन्तर्गतका योजनाहरूका लागि चालुतर्फ २२ करोड दुई लाख रूपैयाँ र पुँजीगततर्फ चार करोड ६७ लाख रूपैयाँ विनियोजन गरिएको छ । लक्षित कार्यक्रमतर्फ २६ लाख ५० हजार रूपैयाँ, वन तथा वातावरणतर्फ पाँच लाख रूपैयाँ, सुशासन तथा संस्थागत विकासतर्फ ३३ लाख ५० हजार रूपैयाँ विनियोजना गरिएको उपाध्यक्ष वाइबाले बताए ।

संघीय समपूरक र प्रदेश समपूरकतर्फ दुई करोड ३३ लाख रूपैयाँ, नेवासँग साझेदारीमा खानेपानी आयोजनाका लागि ११ लाख रूपैयाँ, १५ शयचाको अस्पतालका लागि एक करोड ५० लाख रूपैयाँ, विषयगत शाखाहरूका लागि ५९ लाख ४३ हजार रूपैयाँ तथा भुक्तानी दिन बाँकी जितपुर खानेपानी मोटर खरिदका लागि पाँच लाख रूपैयाँ विनियोजन गरिएको छ ।

यसअघि गाउँपालिकाका अध्यक्ष वाइबाले आगामी आवको नीति तथा कार्यक्रम प्रस्तुत गरेका थिए । उनले कृषि, शिक्षा, पर्यटन र पूर्वाधार विकासलाई प्राथमिकतामा राखेर नीति तथा कार्यक्रम प्रस्तुत गरेका हुन् । गाउँपालिकाको दिगो विकासका लागि गाउँपालिकाबाट प्रदान हुने सेवा सुविधामा चुस्तता दिँदै जनअपेक्षाअनुरूप कार्य सञ्चालन गरी 'समृद्ध हरिहरपुरगढीको आधार, शिक्षा-कृषि-वन-पर्यटन र पूर्वाधार' भन्ने नारालाई साकार बनाउने उनले घोषणा गरे । संघ र प्रदेश सरकारको नीति कार्यक्रम, आवधिक योजना, प्रतिनिधि तथा सरोकारवालाहरूको सुझावसमेतका आधारमा सवल, आत्मनिर्भर, आर्थिक विकास र वातावरणमैत्री गाउँपालिका बनाउने अठोट व्यक्त गरेका छन् ।

नीति तथा कार्यक्रम र बजेट स्वास्थ्य, शिक्षा, रोजगारी, पर्यटनलगायतलाई पनि प्राथमिकता दिइएको छ । स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्ने, हरिहरपुरगढीको तरबुजालाई ब्राण्डिङ गर्ने, कृषिको मुख्य आधार माटोको स्वास्थ्य सुधार अभियानलाई सफल बनाउन माटो परीक्षण गरी उर्वरता सुधारको व्यवस्था गर्ने, कृषि र पशुपालनलाई नवप्रवर्द्धनकारी योजनामार्फत थप व्यवस्थित र व्यावसायिक बनाउनेलगायत योजना अघि सारिएको छ । हरेक वडा र बस्तीहरूमा निर्माणधीन अवस्थामा रहेका सडकहरूको निर्माण र स्तरोन्नति गरी वर्षैभरि यातायात सञ्चालनयोग्य बनाउने, आफ्नै जनशक्ति परिचालन गरी वर्षैभरि सडक मर्मत र सम्भारको काम गर्ने, दीर्घकालीन प्रभाव पार्ने विद्यालय भवन, स्वास्थ्य संस्थालगायत ठूला आयोजनाहरूको पहिचान गरी कार्यान्वयनका लागि पहल गर्ने, गाउँपालिकाका विभिन्न बस्तीहरूमा आवातजावतका लागि सहज बनाउन झोलुंगे पुल निर्माणका लागि समन्वय गर्नेलगायत योजना नीति तथा कार्यक्रम समेटिएका छन् ।

# बाँदर आतंक न्यूनीकरण गर्न 'बाँदर बगैंचा' निर्माण गरिँदै

**ढोरपाटन (बागलुङ)–** बागलुङको जैमिनी नगरपालिकाले बाँदर आतंक न्यूनीकरण गर्न 'बाँदर बगैंचा' बनाउने भएको छ । आगामी आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दै नगरप्रमुख नरबहादुर पुनले ग्रामीण क्षेत्रमा बाँदर आतंकका कारण किसानले गाउँ छाड्न थालेपछि कम क्षति पुऱ्याउने फलफूल र मसलाबालीको खेती गरिने बताए ।

वडा नं ८ पुरानो गाउँमा 'बाँदर बगैंचा' बनाउने प्रमुख पुनको भनाइ छ । नयाँ आर्थिक वर्षमा कृषिलाई प्राथमिकतामा राखेको नीति तथा कार्यक्रममा उल्लेख छ । युवालाई कृषिमा आकर्षण गर्न र किसानलाई प्रोत्साहन गर्न नगरपालिकाले किसानलाई परिचयपत्र दिने भएको छ ।

पालिकाभरका सबै किसानलाई सूचीकरण गरेर परिचयपत्र दिने प्रमुख पुनले बताए। नगरपालिकाले उत्पादनलाई बजारीकरण गर्नका लागि कृषि एमबुलेन्स सञ्चालनसमेत गर्ने भएको छ। दुग्ध उत्पादन बढाउन पशुको निःशुल्क नश्ल सुधार गर्ने, खोप लगाउने, औषधि र अन्य उपचार गराउनेदेखि उत्पादनको बजारीकरण गर्न किसानलाई सघाउने पुनले बताए । किसानलाई प्रोत्साहन गर्न बाख्रा जोन बनाउने र दूध उत्पादन बढाउने नीति नगरपालिकाले लिएको छ ।

अण्डा र मासुमा आत्मनिर्भर बनाउने, उत्पादन र बिक्रीमा आधारित अनुदान दिएर काम गर्ने किसान प्रोत्साहन कार्यक्रम ल्याएको प्रमुख पुन बताउँछन् । हलगोरु पाल्ने किसानलाई प्रोत्साहन गर्ने, राँगो र बंगुरलाई मासुको बजारीकरणमा जोड्ने, पाडापाडी उत्पादन बढाएर चीनसम्म मासु निर्यात गर्ने नीतिमा उल्लेख छ ।

गत वर्ष लिएको 'सेरा जाऔं, केरा खाऔं' कार्यक्रमलाई पनि निरन्तरता दिइने भएको छ । 'छोरी जन्मे घर, खुसीको लहर' भन्ने मूल नारासहित सञ्चालन भएको जैमिनीकी छोरी कार्यक्रमलाई निरन्तरता दिइने भएको छ । छोरी जन्मेमा जन्मदर्ता गर्दा दुई हजार ५०० रूपैयाँको खाता खोलिदिने नीति तथा कार्यक्रममा उल्लेख छ ।

पालिकाभित्र रहेका घरबारविहीनलाई घर बनाइदिने नगरप्रमुख पुनले बताए । फुसका छाना विस्थापन कार्यक्रमलाई निरन्तरता दिइने उनको भनाइ छ । सुकुम्बासी समस्या समधानका लागि आवश्यक प्रक्रिया पूरा गरी यसै वर्ष नगरपालिकालाई सुकुम्बासीमुक्त पालिका घोषणा गरिने उनले बताए । *रासस*

# तामाङ सोसाइटी अफ न्यु साउथ वेल्समा नयाँ कार्यमिति

**काठमाडौं (प्रस)–** अस्ट्रेलियास्थित तामाङ सोसाइटी अफ न्यु साउथ वेल्सको अध्यक्षमा राज पाख्रिन निर्वाचित भएका छन् । आइतबार अस्ट्रेलियाको न्यु साउथ वेल्समा भएको संस्थाको अधिवेशनबाट पख्रिनको नेतृत्वमा सर्वसम्मत नयाँ कार्यसमिति चयन गरिएको हो ।

अधिवेशनबाट तीनजना उपाध्यक्षमा क्रमशः ग्यानक वाइबा, सृजना लामा र मोहन तामाङ चयन भएका छन् । महासचिवमा योगेशसांगे योञ्जन, सचिवमा डोमा तामाङ, कोषाध्यक्षमा सूर्य तामाङ र सहकोषाध्यक्षमा नरेश लामा तामाङ निर्वाचित भएका छन् ।

यसैगरी सांस्कृतिक सचिवमा सुनिता लामा र सांस्कृतिक सहसचिवमा लोब्साङ लामा तथा युवा संयोजकमा उमेश तामाङलाई चयन गरिएको संस्थाले जानकारी दिएको छ । कार्यसमिति सदस्यमा सुजन लोप्चन, कपिल तामाङ, छेडुप पाख्रिन, फचुबा तामाङ र अनिता पाख्रिन निर्वाचित भएका छन् ।

नयाँ कार्यसमिति चयन गर्न गठित निर्वाचन समितिमा अरुण तामाङ, टिकाराम तामाङ र किशोर लामा रहेका थिए । निर्वाचित कार्यसमितिका पदाधिकारी तथा कार्यसमिति सदस्यहरूलाई निर्वाचन समिति संयोजक अरुण तामाङले पद तथा गोपनीयताको शपथ गराएका थिए। तामाङ भाषामै शपथ गराउँदै संयोजक तामाङले नवनिर्वाचित कार्यसमितिलाई बधाइ तथा सफल कार्यकालको शुभकामना दिएका थिए । नवनिर्वाचित कार्यसमितिको कार्यकाल आगामी दुई वर्ष अर्थात् सन् २०२७ सम्म रहने छ ।

यसअघि पूर्वअध्यक्ष विशाल तामाङको सभापतित्वमा भएको उद्घाटन सत्रमा नेपाल तामाङ घेदुङका संस्थापक सदस्य हेमबहादुर तामाङ, नेप्लिज इण्डिजिनियस नेस्नालिटिज फोरम अस्ट्रेलिया (निन्फा)का वर्तमान अध्यक्ष लक्ष्मण गुरुङ, निन्फाकै पूर्वअध्यक्षद्वय सुदर्शन थापामगर र चित्रबहादुर तुम्बाहम्फे, तमु समाज सिड्नीका अध्यक्ष हिपती गुरुङ, याक्थुङ चुम्लुङ अस्ट्रेलियाका अध्यक्ष शशी सुब्बा, नेपाल लोकतान्त्रिक फोरमका अध्यक्ष छिरिङ तेञ्जिङ लामालगायतले शुभकामना मन्तव्य राखेका थिए ।


**Narainapur Rural Municipality**
**Office of Rural Municipal Executive**
Narainapur, Banke
Lumbini Province, Nepal

**Notice of Intent to Award the Bid**

**Date of publication: 10th Ashar, 2082 (24th June, 2025)**

This is to notify all the bidders that, it is our intent to Award the Contract for bid notice dated 6th Jestha, 2082 (20th May, 2025), for execution of the contract as mentioned below to the bidder with bid prices corrected & modified in accordance with the Instructions to bidders & hereby selected substantially responsive Lowest Evaluated Bid.

| S. N. | Contract Identification | Name of Project | Selected Bidders Name & Address. | Bid Amount ( without PS and VAT) |
|---|---|---|---|---|
| 1. | NRM/WORKS/ NCB/ROAD/ 17-2081/082 | Upgrading of Road from Kohala Village to Santaneshwor Temple. (मदन भण्डारी धार्मिक पर्यटन मार्ग अन्तर्गतको सन्तानेश्वर जाने बाटो) | Maurya R S Nirman Sewa, Raptisonari -7, Banke | 46,24,839.50/- |

.............................
(Nabaraj Oli)
Chief Administrative Officer

# प्रभाव दैनिक

रूपशाला




**एकताको 'हर्ष' मंसिर १२ मा प्रदर्शन हुने**

एकता पौडेलको निर्देशनमा डेब्यु चलचित्र 'हर्ष' मंसिर १२ गतेबाट प्रदर्शनमा आउने भएको छ । सोमबार निर्माण पक्षले चलचित्रको टाइटल भिडियो सार्वजनिक गर्दै चलचित्रको प्रदर्शन मिति जानकारी दिएको हो । चलचित्रमा खगेन्द्र लामिछाने, वर्षा राउत, निर शाह, सन्तोष पन्त, शर्मिला मल्ल, माओत्से गुरूङ, विशाल पहाडी, निमा पाण्डे, लुनिभा तुलाधर, अंशु महर्जन, रेनु प्रधान, सुवर्ण थापा, सृष्टि महर्जन तथा संगीता नापितको अभिनय छ ।


मंगलबार, १० असार, २०८२ (Tuesday, June 24, 2025)


# चलचित्र विधेयकसम्बन्धी प्रस्ताव राष्ट्रिय सभाबाट स्वीकृत



■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय सभाको सोमबारको बैठकले 'चलचित्रसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०८२' माथि विचार गरियोस् भन्ने प्रस्ताव स्वीकृत गरेको छ । बैठकमा सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले 'चलचित्र विधेयक, २०८१ माथि विचार गरियोस्' भन्ने प्रस्ताव प्रस्तुत गरेका थिए । उक्त प्रस्ताव सर्वसहमतिले स्वीकृत भएको राष्ट्रियसभा अध्यक्ष नारायणप्रसाद दाहालले जानकारी दिए ।

विधेयकमाथिको सैद्धान्तिक छलफलका क्रममा उठेका प्रश्नको जवाफ दिँदै सञ्चारमन्त्री सुब्बाले विक्रम संवत् २०२६ सालमा बनेको चलचित्र ऐनलाई समयसापेक्ष परिमार्जन गरी समावेशी एवं संघीय संरचना र नयाँ प्रविधिअनुरूप बनाउन नयाँ चलचित्रसम्बन्धी विधेयक तर्जुमा गर्न लागिएको बताए । चलचित्र क्षेत्रलाई अर्थतन्त्र जोड्नका लागि पनि सहज र समय सुहाउँदो कानुन आवश्यक पर्ने उनले उल्लेख गरे ।

त्यस्तै, चलचित्र क्षेत्रलाई सामाजिक, सांस्कृतिक र मनोरञ्जनात्मक उद्योगका रूपमा विकास गर्न, चलचित्रमार्फत देशलाई पर्यटन गन्तव्यका रूपमा अगाडि बढाउन नयाँ व्यवस्था आवश्यक रहेकाले यो विधेयक ल्याइएको उनको भनाइ छ ।

स्वदेशी तथा विदेशी चलचित्र प्रदर्शन अघि जाँच गर्ने व्यवस्था मिलाउने तथा चलचित्र क्षेत्रको विकास, विस्तार, नियमन र प्रवर्द्धनका लागि नयाँ कानुन आवश्यक पर्ने भएकाले यो विधेयक ल्याइएको सञ्चारमन्त्री गुरुङले बताए ।

विधेयकमाथिको सैद्धान्तिक छलफलका क्रममा सांसद डा. अन्जान शाक्यले विद्यमान ऐनमा राखिएका व्यवस्थाहरू समयानुकूल नरहेकाले त्यसलाई संशोधन गर्न आवश्यक रहेको बताइन् । विधेयकले बक्स अफिसको प्रभावकारी कार्यान्वयन गर्ने, चलचित्र क्षेत्रका कामदारको हकअधिकार संरक्षणजस्ता विषयलाई समेटेको शाक्यले बताइन् ।

अर्का सांसद तारामान स्वारले विधेयकमा राखिएका कलाकार र प्राविधिकको पारिश्रमिक, सामाजिक सुरक्षा, सेन्सरसिपजस्ता विषयको परिभाषा स्पष्टता आवश्यक पर्ने बताए । विभिन्न सरोकारवाला व्यक्ति तथा निकायसँग छलफल गरी विधेयकलाई थप परिस्कृत पारि नुपर्नेमा उनले जोड दिए ।

सांसद गोपाल भट्टराईले पुरानो कानुनी व्यवस्थाले अहिलेको डिजिटल युगमा काम गर्न असहज हुने भएकाले तथा संघीयता कार्यान्वयन पछि अधिकार क्षेत्रको बाँडफाँट स्पष्ट पार्नका लागि नयाँ कानुन आवश्यक पर्ने बताए ।

चलचित्रसम्बन्धी नयाँ कानुन बनाई कार्यान्वयन भएपश्चात् विभिन्न उपलब्धि हासिल हुने विधेयकमा उल्लेख छ । यो कानुन बनेपछि चलचित्र विकास बोर्ड एक स्वायत्त र अधिकार सम्पन्न संस्था हुने, चलचित्र निर्माण, वितरण र प्रदर्शनलाई थप व्यवस्थित गर्न सकिने, चलचित्रसम्बन्धी नियमन गर्न सहज हुने, जवाफदेहिता वृद्धि हुनेलगायत सुधारको अपेक्षा गरिएको छ ।

त्यस्तै, नेपाली चलचित्रलाई उद्योगका रूपमा विकास गर्न मद्दत पुग्ने, राष्ट्रिय चलचित्र क्षेत्रलाई सिर्जनशील, सांस्कृतिक र मनोरञ्जन उद्योगका रूपमा विकास, विस्तार र संवर्द्धन गर्न मद्दत पुग्ने, चलचित्र वितरण र प्रदर्शनमा बक्स अफिस प्रणालीको प्रभावकारिता वृद्धि हुने, श्रमजीवी चलचित्रकर्मीहरूको हकहित संरक्षण गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

मातृभाषाका बौद्धिक, कलात्मक, आदिवासी जनजाति चलचित्रको निर्माण, प्रदर्शन र यसको अन्तरराष्ट्रियकरणमा सहयोग र यसको संरक्षण गर्नका लागि पनि नयाँ कानुन आवश्यक ठानिएको छ । विधेयकका व्यवस्था कानुन बनेर आउँदा स्वदेशी चलचित्रको बजार विस्तार र अन्तरराष्ट्रियकरण गर्न सहयोग पुग्ने, चलचित्र क्षेत्रमा नयाँ प्रविधिको उपयोग हुने, चलचित्र विकास बोर्डको स्रोत वृद्धि एवं आयको दायरा फराकिलो हुनेलगायत सुधारको अपेक्षा गरिएको छ ।

# 'ए मेरो हजुर'को पाँचौं सिक्वेलमा पनि अनुबन्धित भए अनमोल

■ प्रभाव संवाददाता

**काठमाडौं–** अनमोल केसी र सुहाना थापाको जोडीलाई 'ए मेरो हजुर'को पाँचौ श्रृंखलामा पनि देखिने भएका छन् । निर्माता र अभिनेता केसीबीच सोमबार लिखित सम्झौता भएसँगै उनीहरू पुनः दोहोरिने भएका हुन् ।


निर्माता सुनिलकुमार थापाले पाँचौ श्रृंखलाको शीर्ष भूमिकामा अनमोललाई अनुबन्धित गरिएको बताए । केसीले पनि सामाजिक संजालमार्फत यसबारे जानकारी दिएका छन् ।

'लामो समयको विश्रामपश्चात एउटा नयाँ अध्यायको सुरुवात गर्दैछु । म हजुरहरूमाझ जेरी अन टप, बाटुलो जुन र ए मेरो हजुर-५मार्फत नेपाली चलचित्र उद्योगमा नयाँ जोशका साथ उपस्थित हुन लागेको खुसीको कुरा सुनाउन पाउँदा निकै उत्साहित र हर्षित छु' अनमोलले लेखेका छन् ।

अनमोल र सुहानाले यो फिल्मको तेस्रो र चौंथो श्रृंखलामा पनि जोडी बाँधेका थिए । निर्माता थापाका अनुसार सहायक भूमिकामा अर्का एक नयाँ कलाकार पनि देखिनेछन् ।

अनमोलले गर्न लागेको आगामी फिल्म 'बाटुलो जुन'को छायांकनपछि मात्र यो फिल्मको सुटिङ सुरु हुनेछ । सुहाना इन्टरटेन्मेन्टको ब्यानरमा निर्माण हुन लागेको फिल्मलाई झरना थापाले निर्देशन गर्नेछिन् ।

अनमोल शुक्रबारदेखि 'बाटुलो जुन'को छायांकन सुरु गर्दैछन् । यो फिल्मको छायांकन करिब १० दिनसम्म चित्लाङमा हुनेछ । यसपछि, फेरि अनमोलले फिल्म 'जेरी अन टप'को काम सक्नेछन् । यी दुवै फिल्म सकेपछि अनमोलले 'ए मेरो हजुर ५'को छायांकन अगाडि बढाउनेछन् । अनमोलले फिल्मको तेस्रो र चौथो श्रृंखलामा काम गरिसकेका छन् ।



# सुर्खेतमा 'सतीदेवी'को विशेष प्रदर्शन

■ प्रभाव संवाददाता

**सुर्खेत–** नारी चेतना, सामाजिक यथार्थ र मानवीय संवेदनालाई उजागर गर्ने चलचित्र 'सतीदेवी'को सुर्खेतमा विशेष प्रदर्शन गरिएको छ ।

लक्ष्मी चलचित्र मन्दिरमा आयोजित शोमा कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेल, प्रदेशका ऊर्जा मन्त्री विजया बुढा, वीरेन्द्रनगर नगरपालिकाकी प्रमुख मोहनमाया ढकाल लगायतको उपस्थिति थियो ।

चार सयभन्दा बढी दर्शकको साथमा चलेको विशेष शोले हलमा उपस्थित सबैलाई भावुक बनायो। नगर प्रमुख ढकालले सतीदेवी हेरेपछि मन गह्रौं भएको बताइन् । उनले महिलाको सङ्घर्ष, समाजले गर्ने विभेद, किशोरीहरूको भावना,सबै दृश्यहरू हाम्रै जीवनको ऐना बनेर प्रस्तुत भएको बताइन् ।

ढकालले फिल्मको सिक्वेलमा सफल महिलाको कथा देखिनुपर्ने सुझाव पनि दिइन् । निर्देशक लक्ष्मण सुवेदीले फिल्मपछि प्रतिक्रिया दिँदै भने, 'म आफैं कर्णालीको हुँ, आफ्नै ठाउँमा आफ्ना दर्शकसँग बसेर फिल्म हेर्दा त्यो आत्मीयता अधिक थियो । आगामी प्रोजेक्ट यही प्रदेशमा छायाङ्कन गर्न चाहन्छु ।' कार्यक्रममा 'कर्णाली नारी सम्मान २०८२' समेत प्रदान गरिएको थियो ।

## रंगशाला

# 'खेलाडीको क्षमता अभिवृद्धिका लागि योजनाबद्ध प्रयास'



■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले प्रचलित कानुन, बजेट कार्यान्वयन कार्ययोजना, निर्धारण गरिएका 'माइलस्टोन' र वित्तीय अनुशासनका सबै पक्षलाई ध्यानमा राखेर आगामी आर्थिक वर्षको बजेट कार्यान्वयन गरिने स्पष्ट पारेको छ ।

विनियोजन विधेयकअन्तर्गत, युवा तथा खेलकुद मन्त्रालयका विभिन्न शीर्षकहरूमाथि सांसदहरूले राख्नुभएको जिज्ञासाको जवाफमा मन्त्री तेजुलाल चौधरीले स्रोत साधनको पारदर्शी र प्रभावकारी व्यवस्थापन गर्दै नियमित अनुगमन, मूल्यांकन र प्रगति प्रतिवेदनमार्फत कार्यान्वयनमा सुधार ल्याउने योजना रहेको बताए ।

खेल क्षेत्रमा युवाको आत्मबल र संलग्नता बढाउन मन्त्रालयले विभिन्न खेलकुद पुरस्कार योजना, नगद प्रोत्साहन, आवश्यक खेल सामग्री र तालिमको व्यवस्था मिलाइएको उनको कथन छ । खेलाडीको क्षमता अभिवृद्धिका लागि अनुभवी प्रशिक्षकको व्यवस्थापन, खेलकुद विज्ञानमा आधारित तालिम र खेल पूर्वाधार निर्माण तथा स्तरोन्नतिका लागि आवश्यक बजेट विनियोजन गरिएको उनले जानकारी दिए ।

युवा पलायन नेपालको सामाजिक आर्थिक सन्तुलनामा दीर्घकाली प्रभाव पार्ने गम्भीर चुनौतीका रूपमा ठहर गर्दै मन्त्रालयले त्यसलाई न्यूनीकरण गर्न मन्त्रालयले युवालाई आत्मनिर्भर र उद्यमशील बनाउने रणनीति अवलम्बन गरेको मन्त्री चौधरीले बताए ।

राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा देशको नाम उच्च राख्ने खेलाडीको योगदानलाई सम्मान गर्ने परिपाटी सुदृढ गर्दै सम्मान समारोह, नगद पुरस्कार, खेलाडी सन्तति छात्रवृत्ति र सामाजिक सुरक्षासम्बन्धी सहयोगका कार्यक्रम आगामी आवको बजेटमा समावेश भएको मन्त्री चौधरीले जानकारी दिए ।

खेल पूर्वाधार विकासमा विशेष जोड दिइएको र निर्माणाधीन रंगशालाको कामलाई गति दिई सम्पन्न गर्ने लक्ष्य राखिएको छ । स्थानीय, प्रदेश र संघीय सरकारबीच आवश्यक तालमेल र आवश्यकताको मूल्यांकन गरी प्राथमिकता निर्धारण गरी पूर्वाधार निर्माणलाई विशेष प्राथमिकतामा राखिएको समेत उनले उल्लेख गरे ।

यस्तै, १० औं राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना गर्न सरकार तम्तयार रहेको र भौतिक पूर्वाधारको कामलाई तीव्रता दिई आगामी आवमा सम्पन्न गर्ने लक्ष्य राखिएको उनले सदनलाई जानकारी गराए । स्रोत र साधनको अभावमा सबै क्षेत्रका आवश्यकता समेट्न चुनौतीपूर्ण रहेको जानकारी दिँदै उनले संघीय प्रणालीको मर्म अनुरूप सबै प्रदेशमा न्यूनतम प्रतिनिधित्व हुने गरी आयोजना समावेश गर्ने प्रयास गरिएको स्पष्ट पारे ।

मधेस प्रदेशमा ११ औं राष्ट्रिय खेलकुदका लागि पूर्वाधार तयार पार्नुपर्ने भएकाले केही पूर्वाधारका आयोजना थपिएको मन्त्री चौधरीको प्रष्टोक्ति थियो । उनले बजेट निर्माण प्रक्रिया पारदर्शी, तथ्यमा आधारित र आवश्यका केन्द्रित रहेको र आगामी दिनमा थप सन्तुलन र समावेशितालाई ख्याल गरिने उल्लेख गरे ।

# खेल पत्रकार क्षितिज अरुणको निधन



**काठमाडौं (प्रस)–** नेपालका वरिष्ठ खेल पत्रकार तथा नेपाल खेलकुद पत्रकार मञ्चका संस्थापक सदस्य क्षितिज अरुण श्रेष्ठको ५५ वर्षको उमेरमा निधन भएको छ ।

श्रेष्ठको आइतवार राति साढे ८ बजे पाटन अस्पतालमा उपचारको क्रममा निधन भएको हो । उनी लामो समयदेखि बिरामी थिए ।

विसं २०५२ सालमा नेपाल खेलकुद पत्रकार मञ्चको स्थापना हुँदा ११ जना संस्थापक सदस्यमध्ये एक रहेका श्रेष्ठले नेपाली खेलकुद पत्रकारितामा दीर्घ योगदान पुऱ्याएका थिए ।

काठमाडौंको ढल्कोमा जन्मिएका श्रेष्ठले फोटो पत्रकारको रूपमा करिब दुई दशक नेपाली खेल पत्रकारितामा समर्पित जीवन बिताए । श्रेष्ठ नेपाल ओलम्पिक संग्रहालयका संस्थापक थिए । साथै उनले नेपाल डाटा एन्ड रिसर्च सेन्टरको स्थापना गरी खेलकुदसम्बन्धी विभिन्न पुस्तकहरू प्रकाशन गरेका थिए ।

पछिल्लो समय उनी नेपाल स्टिक स्पोर्ट्स संघका महासचिव तथा बिजनेस डाटा नेपाल प्रालिका प्रबन्ध निर्देशकको जिम्मेवारी सम्हाल्दै आएका थिए । उनले नेपालका विशिष्ट महिलाहरूको फोटो प्रदर्शनी समेत आयोजना गरेका थिए ।

श्रेष्ठको सोमबार पशुपति आर्यघाटमा अन्त्येष्टि गरियो । अन्त्येष्टिमा राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य सचिव टंकलाल घिसिङ, नेपाल ओलिम्पिक कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठ लगायत खेलकर्मी तथा पत्रकारहरूको उपस्थिति रहेको थियो ।

**एएफसी एसियन कप छनोट**

# उज्वेकिस्तान जाने महिला फुटबल टोलीको बिदाइ




■ प्रभाव संवाददाता

**काठमाडौं –** उज्वेकिस्तानमा हुने एएफसी महिला एसिया कप छनोट खेल्ने नेपाली महिला राष्ट्रिय फुटबल टिमलाई बिदाइ गरिएको छ ।

अखिल नेपाल फुटबल संघ (एन्फा)ले सोमबार एक कार्यक्रम आयोजना गर्दै महिला टोलीलाई बिदाई गरेको हो । टोलीलाई युवा तथा खेलकुद मन्त्रालयका सचिव डा. हरि प्रसाद लम्साल, एन्फा अध्यक्ष पंकज विक्रम नेम्वाङलगायतले बिदाइ गरे ।

बिदाइ कार्यक्रममा बोल्दै एन्फा अध्यक्ष नेम्वाङले टिम निकै परिष्कृत रहेको बताउँदै जितका लागि शुभकामना दिए । 'हाम्रो टिमले सिंगो राष्ट्रलाई नै उपल्लो दर्जामा पुर्‍याउन सक्छ, सबैले यो आशाले हेरेका छन्' उनले भने, 'पहिलोपटक प्रो लाइसेन्स कोच पनि पाएका छौं, जितका लागि शुभकामना ।' त्यस्तै मन्त्रालयका सचिव लम्सालले पनि जितका लागि शुभकामना दिए । 'राष्ट्रको झण्डा उठाउने मौका जोकोहीले पाउँदैन, ३ करोडले हेर्ने तपाइहरूलाई जितको शुभकामना' उनले भने ।

त्यस्तै कप्तान तथा गोलकिपर एन्जिला तुम्बापो सुब्बाले नेपालको लक्ष्य छनोट हुने रहेको बताइन् । 'हाम्रो मेन टार्गेट भनेकै छनोट हुनु हो, त्यो हुन सकेमा हाम्रो लागि अझै धेरै राम्रो हुन्छ' उनले भनिन् ।

नेपाली महिला टोलीका लागि अब हुने छनोटको पहिलो खेल १००औं अन्तर्राष्ट्रिय खेल हुनेछ । १०० खेल खेल्न पाउनु खेलाडीको लागि पनि ठुलो कुरा भएको साबित्रा भण्डारी साम्बाले बताइन् । '१०० खेल भनेको ठुलो कुरा हो, हामी १०० खेल भन्दा पनि देश र समर्थकहरूलाई पोजिटिभ रिजल्ट दिन चाहन्छौं, त्यो महत्वपूर्ण हुनेछ' उनले भनिन् ।

छनोटमा समूह एफमा रहेको नेपालले लाओस, उज्वेकिस्तान र श्रीलंकासँग खेल्नेछ । पछिल्लो पटक सन् १९९९ मा महिला एसिया कप खेलेको नेपाली महिला टोली २६ वर्षपछि एसिया कपमा छनोट हुने लक्ष्यमा छ ।

नेपालले जुन २९ मा लाओससँग पहिलो खेल खेल्नेछ भने जुलाई २ मा श्रीलंकासँग दोस्रो खेल खेल्नेछ । यस्तै जुलाई ५ मा आयोजक उज्वेकिस्तानसँग प्रतिस्पर्धा गर्नेछ । छनोटको शीर्ष स्थानमा रहने टोली अर्को वर्ष अष्ट्रेलियामा हुने महिला एसिया कपमा छनोट हुनेछ । नेपाली महिला टोलीले अहिलेसम्म तीन पटक एसियन कप फुटबल खेलेको छ । पछिल्लो पटक सन् २०२२ को महिला एसियन कपको छनोट खेलेपनि नेपाली महिला टोली छनोट हुन सकेन

# ‘टोकियोका मतदाताबाट सत्तारुढ दल दण्डित’

**टोकियो–** जापानको राजधानी टोकियोमा मतदाताले जापानको सत्तारुढ दललाई नगरसभाको सबैभन्दा ठूलो समूहको हैसियतबाट पछि धकेलिदिएको मत परिणामले सोमबार देखाएको छ ।




सन् १९५५ देखि लगातार देशको नेतृत्व गर्दै आएको लिबरल डेमोक्र्याटिक पार्टी (एलडिपी) को प्रमुख स्थानीय निर्वाचनमा यो निकै कम मतपरिणाम भएको जापानी सञ्चारमाध्यमले जनाएका छन् । अक्टोबरमा पदभार ग्रहण गरेका इशिबाका लागि सार्वजनिक समर्थनमा महिनौंदेखि व्यापक गिरावट आएको छ । उच्च मुद्रास्फीतिको कारण गत वर्षको तुलनामा चामलको मूल्य दोब्बर भएको छ ।

आइतबार भएको मतदानमा एलडिपीले टोकियो विधानसभाका २१ सिट जितेको छ, जसमध्ये यसअघिका तीन सिट पार्टीसँग सम्बन्धित उम्मेदवारले जिते पनि राजनीतिक चन्दा प्रकरणपछि आधिकारिकरूपमा अनुमोदन गरिएको थिएन । असाही शिम्बुन र अन्य स्थानीय सञ्चारमाध्यमका अनुसार यसले सन् २०१७ को तुलनामा पार्टीको २३ सिटको रेकर्ड तोडेको छ ।

टोकियोका गभर्नर युरिको कोइकेले स्थापना गरेको टोमिन फर्स्ट नो काईले १२७ सदस्यीय विधानसभामा आफ्नो सिट बढाएर ३१ पुर्‍याएको छ । एलडिपीको टोकियो शाखाका प्रमुख शिन्जी इनोउले मतदानपछिको सर्वेक्षणले पार्टीको सिट घट्दै गएको देखाएपछि आइतबार भनेका थिए, ‘यो निकै कठिन चुनाव थियो ।’

निर्वाचनलाई प्रभावित पार्न राज्यकोषबाट रकमको हिनामिना गरिएको (फण्डिङ स्क्याण्डल)ले परिणामलाई ‘प्रभावित’ गरेको हुन सक्छ । इनोउले भने, ‘मुद्रास्फीतिलाई सम्बोधन गर्ने सरकारको नीति ‘मतदातासम्म’ राम्रोसँग पुर्‍याउन नसक्नु र विपक्षी दलले मुद्रास्फीतिलाई सम्बोधन गर्ने भनी गरेको व्यापक प्रचारप्रसारले एलडिपीले अपेक्षा गरेको मतपरिणामभन्दा बिल्कुल फरक वातावरण देखिएको छ ।’

### जीवनयापनको लागत

केही हप्ताभित्रै इशिबाले संसद्को माथिल्लो सदनका लागि चुनावको सामना गर्नुपर्ने छ र जुलाई २० मा राष्ट्रिय मतदान हुनसक्ने बताइएको छ । बढ्दो महँगी र राजनीतिक घोटालाबाट आक्रोशित मतदाताहरूले इशिबाको एलडिपी र यसको कनिष्ठ गठबन्धन साझेदारलाई अक्टोबरमा शक्तिशाली तल्लो सदनमा बहुमतबाट वञ्चित गरे । यो विगत १५ वर्षमा एलडिपीको सबैभन्दा खराब आमचुनाव परिणाम हो ।

धानको मूल्यलाई उच्च सम्बोधन गर्ने नीतिका कारण यस महिना गरिएको सर्वेक्षणमा इशिबाको समर्थनमा केही वृद्धि भएको देखिएको छ । जापानी पसलहरूमा हालसालै चामलको अभाव हुनुका पछाडि धेरै कारणहरू छन्, जसमा दुई वर्ष पहिले अत्यधिक तातो र सुख्खा गर्मीले देशव्यापीरूपमा फसललाई क्षति पुर्‍याएको थियो र गत वर्ष ‘महाभूकम्प’ चेतावनीपछि चामल खरिद आतंकले गर्दा पछिल्लो समय केही व्यापारीले नाफा बढाउनका लागि चामल मौज्दात राख्ने गरेको जानकारहरू बताउँछन् ।

जापानमा ताजा खाद्यपदार्थ, अन्य सामान र ऊर्जा षेत्रका शीर्षक समावेश नगरिएको मूल्य वृद्धिदर अघिल्लो वर्षको तुलनामा मे महिनामा ३.७ प्रतिशतले बढिरहेको थियो । इशिबाले माथिल्लो सदनको चुनावअघि प्रत्येक नागरिकका लागि २० हजार येन (१३९ अमेरिकी डलर) नगद सहयोग गर्ने घोषणा गरेका छन् ।

### ‘गम्भीर’ परिणाम

वासेदा युनिभर्सिटीका राजनीतिकर्मी मासाहिसा एण्डोले टोकियो विधानसभाको नतिजा सत्तारुढ दलका लागि गम्भीर भएको बताएका छन् । ‘टोकियो एलडिपीको बलियो गढ होइन, तर नतिजाबाट यसको समर्थन देशभरि कमजोर भइरहेका छ भन्ने निष्कर्ष निकाल्नु सम्भव छ,’ उनले भने ।

इशिबाले माथिल्लो सदनमा बहुमत प्राप्त गर्न नसके पनि उनको स्थान अहिले नै कसले लिन चाहन्छ भन्ने कुरा बुझ्न कठिन छ । ‘जापानका विपक्षी पार्टीहरू एलडिपीको शक्तिलाई विश्वसनीय चुनौती दिने सम्बन्धमा विभाजित छन्,’ एण्डोले एएफपीसँग बताए ।

विपक्षी ‘डेमोक्र्याटिक पार्टी फर द पिपुल (डिपिपी)’ ले टोकियो विधानसभाको मतदानमा पहिलोपटक नौ सिट जितेको छ । जुलाईको चुनावका लागि डिपिपीको चुनावी प्रतिबद्धतामा परिवारको आय बढाउन बिक्री कर कटौती गर्ने उल्लेख छ । स्थानीय सञ्चारमाध्यमका अनुसार आइतबारको मतदान दर ४७.६ प्रतिशत रहेको छ । चार वर्षअघि यो दर ४२.४ प्रतिशत थियो ।

सन् १९९७ यताकै सबैभन्दा बढी २९५ जना उम्मेदवारले प्रतिस्पर्धामा उत्रिएको टाकियोको विधान सभा निर्वाचनमा ९९ जना महिला उम्मेदवार पनि थिए । निर्वाचित महिला विधानसभा सदस्यको संख्या ४१ बाट बढेर ४५ पुगेको छ । *रासस/एएफपी*

# पाकिस्तानद्वारा ट्रम्पको निन्दा





**इस्लामाबाद–** पाकिस्तानले इरानमाथि बमबारी गरेकामा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको निन्दा गरेको छ । भारतसँगको हालैको संकट समाधान गरेकामा ट्रम्प नोबेल शान्ति पुरस्कारको हकदार भएको बताएको २४ घण्टाभन्दा कम समयमा पाकिस्तानको उक्त टिप्पणी आएको हो ।

अप्रिलमा भारत नियन्त्रित काश्मीरमा पर्यटकहरूको नरसंहारपछि दुई दक्षिण एसियाली मुलुक भारत र पाकिस्तानबीचको सम्बन्धमा गिरावट आएको थियो । त्यसपछिका हप्ताहरूमा अमेरिकाको नेतृत्वमा गहन कूटनीतिक प्रयासहरूले युद्धविराम नल्याएसम्म आणविक-सशस्त्र यी दुई प्रतिद्वन्द्वी मुलुक युद्धको नजिक पुगे र एकअर्कामाथि आक्रमण गरे । युद्धविरामको श्रेय ट्रम्पले लिए ।

यही ‘निर्णायक कूटनीतिक हस्तक्षेप र महत्त्वपूर्ण नेतृत्व’ का लागि पाकिस्तानले शनिबार राति एक्स प्लेटफर्ममा उत्साहजनक सन्देशमा प्रशंसा गर्दै ट्रम्पलाई नोबेल शान्ति पुरस्कार प्राप्त गर्नका लागि आफ्नो औपचारिक सिफारिसको घोषणा गर्‍यो । तर २४ घण्टाभन्दा पनि कम समयपछि पाकिस्तानले इरानमाथि आक्रमण गरेकामा अमेरिकाको निन्दा गर्दै उक्त आक्रमणले ‘अन्तर्राष्ट्रिय कानुन र अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी (आइएइए) को विधानको गम्भीर उल्लंघन गरेको’ बताएको छ ।

पाकिस्तानी प्रधानमन्त्री शहबाज सरिफले आइतबार इरानी राष्ट्रपति मसुद पेजेस्कियनसँग फोनमा कुराकानी गर्दै बम विष्फोटले आइएइएको सुरक्षामा रहेका सुविधाहरूलाई लक्षित गरेकामा चिन्ता व्यक्त गरेका छन् । पाकिस्तानको इरानसँग घनिष्ठ सम्बन्ध छ र उसले आत्मरक्षाको अधिकार रहेको भन्दै इजरायलमाथि गरेको आक्रमणलाई समर्थन गर्दछ ।

सेनाका शक्तिशाली प्रमुख असिम मुनीर र ट्रम्पबीच उच्च प्रोफाइल ह्वाइट हाउस लञ्च बैठकपछि ट्रम्प नोबेल शान्ति पुरस्कारको हकदार भएको भनी आएको सिफारिसका बारेमा सोमबार इस्लामाबादबाट तत्काल कुनै टिप्पणी आएन । दुई घन्टाभन्दा बढी चलेको बिहीबारको बैठकमा विदेशमन्त्री मार्को रुबियो र मध्यपूर्व मामिलाका लागि अमेरिकी विशेष प्रतिनिधि स्टिभ विटकफ पनि उपस्थित थिए ।

पाकिस्तानी सैन्य वक्तव्यअनुसार इरान र इजरायलबीचको विद्यमान तनावमा विस्तृत विचार आदानप्रदान भयो र दुवै नेताले द्वन्द्वको समाधानको महत्त्वमा जोड दिए । पाकिस्तानले भारतसँगको संकटमा ट्रम्पको हस्तक्षेपका लागि छिट्टै धन्यवाद दिएको भए पनि नयाँदिल्लीले यसलाई कम महत्त्व दिएको थियो र काश्मीर मुद्दामा बाह्य मध्यस्थताको कुनै आवश्यकता नभएको बताएको थियो ।

काश्मीरको हिमाली क्षेत्र पाकिस्तान र भारतबीच विभाजित छ तर दुवैले यसलाई पूर्णरूपमा दाबी गर्छन् । भारतले पाकिस्तानलाई यस क्षेत्रमा उग्रवादी समूहहरूलाई समर्थन गरेको आरोप लगाउँछ । उक्त आरोपलाई पाकिस्तानले अस्वीकार गर्दछ । *रासस/एपी*

# विश्वास र शंकाको घेराबीच संयुक्त राष्ट्रसंघ ८०औं वार्षिकोत्सव मनाउँदै

**संयुक्त राष्ट्रसंघ–** आफ्नो प्रभाव बदनाम भएको र बजेट चकनाचुर भएको अवस्थामा संयुक्त राष्ट्रसंघले आफ्नो ८०औं वार्षिकोत्सव मनाउँदै गर्दा आलोचनाको आँधीको सामना गरिरहेको छ । साथै यसले ध्रुवीकृत तथा द्वन्द्वग्रस्त संसारलाई यो पहिलेभन्दा बढी महत्त्वपूर्ण छ भनी विश्वस्त पार्ने प्रयास गरिरहेको छ । राष्ट्रसंघका १९३ सदस्य राष्ट्रले बिहीबार संगठनको आधारभूत सन्धि, संयुक्त राष्ट्रसंघ बडापत्रमा सन् १९४५ जुन २६ मा सान फ्रान्सिस्कोमा हस्ताक्षर भएको दिन मनाउने छन् । अनुमोदनपछि संयुक्त राष्ट्रसंघ अक्टोबर २४ मा अस्तित्वमा आयो । यो वार्षिकोत्सव त्यस समयमा आएको छ जतिबेला विश्व निकायले बहुआयामिक संकटको सामना गरिरहेको छ र यसको भविष्यका बारेमा प्रश्नहरू खडा गरेको छ ।




‘शीतयुद्धको अन्त्य भएदेखि हामीले रुवाण्डाको नरसंहारदेखि इराक युद्धसम्मका मामिलाहरूमा संगठनको संघर्ष देखेका छौं,’ इन्टरनेसनल क्राइसिस ग्रुपका विश्लेषक रिचर्ड गोवानले भने, ‘जब प्रत्येक ठूलो संकट आउँछ, टिप्पणीकारहरूले संयुक्त राष्ट्रसंघ समाप्त भएको घोषणा गर्छन् । तर अझै पनि यो जीवित छ ।’ युक्रेन र गाजामा भएका प्रमुख द्वन्द्वहरूमा संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्को कार्य गर्न असफल भएकामा ‘गहिरो निराश’ भएका धेरै देशलाई औंल्याउँदै उनले स्वीकार गरे, ‘यो विशेषगरी नराम्रो क्षण हो ।’

त्यो निष्क्रियता मुख्यतया परिषद्का पाँच स्थायी सदस्यहरू- बेलायत, चीन, फ्रान्स, रुस र संयुक्त राज्य अमेरिकाको भिटो शक्तिको कारण हो । उनीहरूका प्रतिस्पर्धी स्वार्थहरू छन् । ‘समग्रमा संयुक्त राष्ट्रसंघ प्रणालीको विश्वसनीयताको संकट छ र संगठनका सदस्यहरूसँग यसलाई बचाउनका लागि स्रोत वा राजनीतिक ऊर्जा छ कि छैन भन्ने स्पष्ट छैन,’ गोवानले भने । फ्रान्सेली अन्तर्राष्ट्रिय र रणनीतिक मामिला संस्थानका अनुसन्धान सहयोगी रोमुआल्ड सिओराका लागि विश्वसनीयताको मुद्दाले विश्व मञ्चमा पहिले नै न्यून राजनीतिक प्रभाव भएको संगठनको वस्तुतः लोपमात्र गर्न सक्छ ।

‘संयुक्त राष्ट्रको १००औं वार्षिकोत्सवसम्म पनि यसको अस्तित्व समाप्त हुने छ भन्ने कुरामा म निश्चित छैन,’ सियोराले भने, ‘म बिस्तारै लोप हुँदै गएको देख्छु र राष्ट्रसंघ केही हदसम्म भूतजस्तो बन्ने छ, जस्तै यी पुराना संस्थाहरू जसको नाम हामीले बिर्सेका छौं ।’

तर विशेषज्ञहरूका अनुसार संयुक्त राष्ट्रसंघलाई कडा सुधारहरू लागू गर्न अत्यावश्यक छ, यसका सबै समस्याहरू भित्रबाट आएका होइनन् र यो आफ्ना विभाजित सदस्यताका लागि सजिलो बलिको बोका बनेको छ ।

### संयुक्त राष्ट्रसंघविना ‘अझ खराब’

वासिङ्टनस्थित एटलान्टिक काउन्सिल थिंक ट्याांकका गिसोउ नियाले ‘शक्तिको दृष्टिकोण सही छ... यही कुराले जरा गाडिरहेको छ र यसले हामीलाई दोस्रो विश्वयुद्धको अन्त्यमा संयुक्त राष्ट्रसंघको स्थापनामा नेतृत्व गर्ने आदर्शहरूबाट अझ टाढा लैजान्छ’ भन्ने कुराले आफूलाई डर लागेको बताए ।

मानवअधिकार वकिल नियाले पर्याप्त मानिसहरू ‘संयुक्त राष्ट्रसंघलाई जीवित राख्ने’ आदर्श र मूल्यहरूको सेटमा प्रतिबद्ध रहने छन् भन्ने आशा गरे तर विशेषगरी अमेरिकी सहयोगी इजरायलबाट अझै पनि ती मूल्यहरूको निरन्तर प्रश्नको बारेमा चिन्तित रहेको बताए । ‘संयुक्त राष्ट्रसंघ या त यहुदी विरोधी छ वा संयुक्त राष्ट्रसंघ कोषको बर्बादी हो वा संयुक्त राष्ट्रसंघले तानाशाहहरूलाई समर्थन गरिरहेको छ भनेर केही धेरै चर्को आवाजहरूले वास्तवमा प्रभाव पार्छ,’ नियाले भने ।

‘सन् १९४५ पछि जारी द्वन्द्वको सबैभन्दा ठूलो संख्याले ध्वस्त भएको र प्रमुख मानवीय संकटहरूद्वारा ध्वस्त पारेको संसारमा संयुक्त राष्ट्रसंघको यसभन्दा बढी आवश्यकता कहिल्यै थिएन,’ महासचिव एन्टोनियो गुटेरेसले हालै भने, ‘हाम्रा मूल्यमान्यता कहिल्यै यति सान्दर्भिक भएका छैनन् र आवश्यकताहरू कहिल्यै ठूला भएका छैनन् ।’

तथापि दाताहरू विशेषगरी अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको नेतृत्वमा संयुक्त राज्य अमेरिका पछि हट्दा कोषको अभाव बढेको छ । वित्तीय बाधाहरूलाई ध्यानमा राख्दै गुटेरेसले सञ्चालनलाई सुव्यवस्थित बनाउनका लागि युएन८० पहल सुरु गरे । ती परिवर्तनहरूमा हजारौं पद कटौती हुन सक्छन् । गोवानका लागि संयुक्त राष्ट्रसंघ एउटा धेरै ठूलो संगठन हो र निःसन्देह यो विभिन्न प्रकारका ब्युरोक्रेटिक समस्याहरूबाट ग्रस्त छ, जसरी लगभग सबै ठूला संगठनहरूले गर्छन् । त्यसैले निःसन्देह यो छानबिन र आलोचनाको हकदार छ । तर उनले भने, ‘मलाई लाग्छ कि हामी हाम्रो सेवामा यो प्रणाली भएकामा अलि धेरै नै अभ्यस्त भएका छौं र यसका कमजोरीहरूका बारेमा गुनासो गर्न धेरै समय बिताउने र यसका सफलताहरूलाई स्वीकार गर्न पर्याप्त समय नदिने प्रवृत्ति छ ।’

राष्ट्रसंघ एउटा यस्तो स्थान बनेको छ जहाँ कट्टर प्रतिद्वन्द्वी र सत्रुहरू अझै पनि एउटै टेबुलमा बसेर गुनासो व्यक्त गर्न सक्छन् र जहाँ सबैभन्दा सानो सदस्य राष्ट्रले आफ्नो आवाज सुनाउन सक्छ । गत वर्ष १२० देशका १० करोडभन्दा बढी मानिसलाई आवश्यक आपूर्ति पुर्‍याउने विश्व खाद्य कार्यक्रमदेखि लिएर द्वन्द्व क्षेत्रमा रहेका नागरिकहरूको सुरक्षा गर्ने हजारौं शान्तिरक्षकसम्मका लागि पनि संयुक्त राष्ट्रसंघले स्थलगत रूपमा महत्त्वपूर्ण काम गर्दछ । *रासस/एएफपी*


## BOYA INTERNATIONAL TRADE PVT.LTD

ADDRESS: BALUWATAR 05,KATHMANDU,NEPAL

Pan No: 610340594 Exim Code: 6103405940118NP

| Particular | Centralized ceiling AC-5P | Centralized ceiling AC-3P | Wall AC-1.5P | Centralized ceilingAC-5P | Standing AC-3P | Standing AC-2P |
|---|---|---|---|---|---|---|
| Invoice Value per set | 400.00 | 450.00 | 170.00 | 550.00 | 390.00 | 320.00 |
| Exchange Rate | 138.84 | 138.84 | 138.84 | 138.84 | 138.84 | 138.84 |
| FOB Price | 55536.00 | 62478.00 | 23602.80 | 76362.00 | 54147.60 | 44428.80 |
| File charge | 2221.44 | 2499.12 | 944.11 | 3054.48 | 2165.90 | 1777.15 |
| Freight | 1500.00 | 1500.00 | 1500.00 | 1500.00 | 1500.00 | 1500.00 |
| Insurance | 166.61 | 187.43 | 70.81 | 229.09 | 162.44 | 133.29 |
| Total CIF Price | 59424.05 | 66664.55 | 26117.72 | 81145.57 | 57975.95 | 47839.24 |
| Duty 30% | 17827.21 | 19999.37 | 7835.32 | 24343.67 | 17392.78 | 14351.77 |
| sales and marketing | 1500.00 | 1500.00 | 1500.00 | 1500.00 | 1500.00 | 1500.00 |
| Total cost of customer without vat | 78751.26 | 88163.92 | 35453.04 | 106989.24 | 76868.73 | 63691.01 |
| Vat 13% | 10237.66 | 11461.31 | 4608.89 | 13908.60 | 9992.94 | 8279.83 |
| Mergin | 2000.00 | 2000.00 | 1500.00 | 2000.00 | 2000.00 | 2000.00 |
| **Total MRP With Vat** | **90988.93** | **101625.23** | **41561.93** | **122897.84** | **88861.67** | **73970.84** |



**बेलबारी नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**बेलबारी, मोरङ**

**कोशी प्रदेश, नेपाल**

**दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मितिः २०८२/०३/१०** ( 24th June, 2025)

यस बेलबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट मिति २०८२।०१।३० गते राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित सिलवन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना मार्फत आह्वान गरिएको तपसिलको ठेक्कामा दाखिला भएका दरभाउपत्रहरु मध्ये सबैभन्दा न्यूनतम अंक कबोल गर्ने र सारभूत रुपमा प्रभावग्राही देखिन आएको तपशिल बमोजिमको दरभाउपत्र स्वीकृतका लागि छनौट भएकाले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ को उपनियम (१०) को प्रयोजनार्थ दरभाउपत्रमा भाग लिने सम्पूर्ण दरभाउपत्रदाताहरूलाई स्वीकृतिको आशयको सूचना जानकारीका लागि प्रकाशित गरिएको छ ।

**तपसिलः**

| क्र.स. | ठेक्का न. | कामको विवरण | दरभाउपत्रदाताको नाम र ठेगना | कबोल अंक (मूल्य अभिबृद्धि कर बाहेक) |
|---|---|---|---|---|
| १. | BM/MOR/SQ/G-04-2081-082 | Supply and Delivery of Sanitary Pad | श्री जस्मिन हाइजिन प्रोडक्ट्स प्रा.लि. बुढिगंगा | रू. १५,३१,१६१.०० (अक्षरेपि पन्ध्र लाख एकतीस हजार एक सय एकसट्ठी रुपैया मात्र |

**प्रमुख प्रशासकीय अधिकृत**



## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

**पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reach-mond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी–विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १९५२०० | प्रति तोला – ० | प्रति तोला – २१७० |

## प्रधानमन्त्रीलाई सहकारी महासंघ प्रतिनिधिको ध्यानाकर्षण



■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री अध्यक्ष केपी शर्मा ओलीसमक्ष राष्ट्रिय सहकारी महासंघले सहकारी क्षेत्रलाई नियमनका क्रममा संकुचन गर्न नहुने विषयमा सोमबार ध्यानाकर्षण गराएको छ।

प्रधानमन्त्री निवास, बालुवाटारमा भएको भेटमा महासंका अध्यक्ष ओमदेवी मल्लसहितको टोलीले नेपाल राष्ट्र बैंक र सहकारी प्राधिकरणबाट जारी भएका निर्देशिका र मापदण्डमा स्रोत संकलनको सीमाअन्तर्गत १० प्रतिशत निक्षेप र १५ प्रतिशत ऋणको व्यवस्था सन्तुलित नभएको, सदस्य भएको तीन महिनाभित्र कारोबार गर्न सकिने व्यवस्था हुनुपर्नेलगायत माग राखिएको छ।

नेकपा (एमाले) को केन्द्रीय सहकारी तथा गरिबी निवारण विभागका प्रमुख खगराज अधिकारी, पूर्वमन्त्री एवं महासंघका पूर्व अध्यक्ष केशव बडाल, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव केदारनाथ शर्मालगायत सहभागी छलफलमा प्रधानमन्त्री ओलीले सम्बन्धित क्षेत्रको सहज सञ्चालन र व्यवस्थापनका लागि कानुन, नीति र निर्देशिकाहरू ल्याइने भएकाले त्यस अनुसार प्रबन्ध गर्न सरकारले सहजीकरण गर्ने विश्वास दिलाए।

सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न ल्याइएको अध्यादेशलाई प्रतिस्थापन गर्न ल्याएको विधेयकका कतिपय प्रावधानलाई परिमार्जन गर्न सुझाव बुझाएको छ।

## होटलमैत्री मौद्रिक नीति ल्याउन सुझाव

**काठमाडौं (प्रस)–** होटल संघ नेपाल (हान) ले आर्थिक वर्ष २०८२/८३ को बजेटमा पर्यटन क्षेत्र र होटल उद्योगका लागि घोषित कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुने गरी मौद्रिक नीति ल्याउन राष्ट्र बैंकलाई सुझाव दिएको छ।

हानको प्रतिनिधिमण्डलले सोमबार नेपाल राष्ट्र बैंकका गभर्नर डा. विश्वनाथ पौडेललाई भेट गरी पर्यटन तथा होटल उद्योगको बृहत्तर विकासका उपयुक्त नीति अवलम्बन गर्न आग्रह गरेको हो। सुझाव ग्रहण गर्दै गभर्नर डा. पौडेलले सकारात्मक प्रतिक्रिया दिएको हानले विज्ञप्तिमार्फत जनाएको छ।

त्यस अवसरमा संघका अध्यक्ष विनायक शाहले पूर्वाधारको उचित व्यवस्थापन हुन नसकेका कारण होटल व्यवसाय सञ्चालनमा प्रत्यक्ष तथा अप्रत्यक्ष खर्चमा भारी मात्रामा वृद्धि भएको बताएका थिए। उनले होटलको अकुपेन्सी अत्यन्तै कम हुँदा नियमित किस्ता बुझाउन समेत कठिनाइ भएको उल्लेख गरे।

सुझाव पत्रमा सरकारले होटल उद्योगलाई राष्ट्रिय प्राथमिकता प्राप्त उद्योगको मान्यता दिएकाले विशेष उद्योग सरहको छुट तथा उत्पादनमूलक उद्योग सरहको छुट तथा सुविधा पाउनुपर्ने माग गरिएको छ। साथै कर्जाको हकमा आधारदरमा एक प्रतिशतभन्दा नबढ्ने गरी ब्याज कायम गर्नुपर्ने समेत उल्लेख छ।

क्षेत्रीय पर्यटन प्रवर्द्धनमा सघाउ पुग्ने खालका नीति जस्तै सार्क सदस्य राष्ट्र बंगलादेश र श्रीलंकाबाट नेपाल भ्रमणमा अत्यधिक माग बढेको क्रममा त्यहाँबाट नेपाल आउने पर्यटकहरूले बंगलादेशी टाका तथा श्रीलंकाली मुद्रामा समेत भुक्तानी गर्नसक्ने व्यवस्था गर्न आवश्यक भएको उनको भनाइ थियो।

बजेटमा 'टेक एण्ड पे' विवाद

## ऊर्जा क्षेत्रलाई बचाउन तत्काल संशोधनको माग

■ प्रभाव संवाददाता



**काठमाडौं–** आगामी आर्थिक वर्षको बजेटमा राखिएको नदी प्रवाही (रन अफ दि रिभर) जलविद्युत आयोजनालाई लिऊ र तिर (टेक एण्ड पे) ढाँचामा विद्युत खरिद बिक्री सम्झौता (पिपिए) गर्ने व्यवस्था दुर्भाग्यपूर्ण रहेको सांसद र विज्ञहरूले बताएका छन्। सोमबार नेपाल पूर्वाधार पत्रकार समाजले आयोजना गरेको कार्यक्रममा उनीहरूले ऊर्जा क्षेत्रलाई बचाउने हो भने बजेटले गरेको व्यवस्थामा तत्काल संशोधन गर्न सरकारसँग आग्रह गरे।

संसद्‌को पूर्वाधार विकास समितिका सभापति दिपकबहादुर सिंहले बजेट पक्षपातपूर्ण रहेको र ऊर्जा क्षेत्रलाई बचाउन न्यायोचित निर्णय गर्न आवश्यक पहल गर्ने बताए। 'स्वदेशी लगानीकर्ता र ६० लाखभन्दा धेरै सर्वसाधारण नेपालीको सेयर लगानी भएको क्षेत्रलाई सबैको हित हुनेगरी आवाज उठाइने छ,' उनले भने।

सांसद उर्मिला माझीले बजेट ल्याउने सरकारका कसैलाई पनि टेक एण्ड पेबारे थाहा नहुनु लज्जास्पद भएको बताइन्। अर्की सांसद विना लामाले यस विषयमा सरोकारवालालाई पूर्वाधार समितिमा डाकेर छलफल गर्ने र सच्याउन माग गर्ने बताइन्। सांसद निशा डाँगीले सरकारले ल्याएको टेक एण्ड पे को नीति असफल हुने बताइन्। सांसद दिनेशकुमार यादवले तत्काल फिर्ता लिन संसदमा आवाज उठाइरहेको बताए। सांसदहरू महेश बस्नेत, सुशिला श्रेष्ठ र शिव नेपालीले पनि प्रभावकारी रूपमा उठान गरी सच्याउनका लागि काम गर्ने बताए।

कार्यक्रममा राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा. गोविन्दराज पोखरेलले सरकारले रोजगारी सिर्जना गर्ने क्षेत्रमा नै प्रहार गरेको बताए। नीतिगत पूर्वाधारको अभाव खेपिरहेको ऊर्जा क्षेत्रमा सरकार संवेदनाहीन भएको उनको भनाइ छ।

आगामी बजेटको बुँदा नसच्चिए एउटा पनि जलविद्युत् आयोजना निर्माण हुन नसक्ने संकट सिर्जना गरेको स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान) का अध्यक्ष गणेश कार्कीले बताए। 'ऊर्जा क्षेत्रलाई सबैतिरबाट घेर्ने काम भएको र साँच्चिकै अप्ठ्यारोमा परेकोले सबैको सहयोग अपेक्षा गरेका छौं,' उनले भने।

### 'टेक एण्ड पे' नसच्चिए ऊर्जा क्षेत्र संकटमा पर्ने

कार्यक्रममा प्रस्तुति दिँदै स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान) का उपमहासचिव प्रकाश दुलालले टेक एण्ड पे नसच्चिए ऊर्जा क्षेत्र गम्भीर संकटमा पर्ने बताए। 'यो व्यवस्थाले १७ हजार ११७ मेगावाटका आयोजनाहरूको पिपिए हुने अवस्था रहँदैन,' उनले भने। इप्पानको आन्तरिक अध्ययनअनुसार हालसम्म लगानी भइसकेको एक खर्ब नौ अर्ब रूपैयाँ लगानी डुब्नुको साथै भविष्यमा हुने ३३ खर्ब १४ अर्बको लगानी पनि हुँदैन। सरकारले पनि आयोजना निर्माण गरिरहँदा प्राप्त हुने तीन खर्ब २७ अर्ब ६२ करोड र निर्माण सम्पन्न भएपछि प्राप्त हुने गर्दा प्राप्त गर्ने ३१ खर्ब रूपैयाँ गुमाउनुपर्ने उल्लेख छ।

उनका अनुसार बैंकहरूले टेक एण्ड पेमा आधारित पिपिए भएका आयोजनामा लगानी गर्ने छैनन्। यसले गर्दा उनीहरूको लगानीको क्षेत्र साँघुरो हुने छ भने जलविद्युतमा मानिएको सुरक्षित लगानीको वातावरण खल्बलिने छ। एक मेगावाट आयोजना बन्दा १०० जनाले २ देखि ३ वर्षसम्म रोजगारी पाउँछन्। निर्माण सम्पन्न भएपछि पनि १० जनाले दीर्घकालीन रोजगारी प्राप्त प्राप्त गर्छन्। 'टेक एण्ड पेले आयोजना निर्माण रोकिने हुँदा यो रोजगारी ठूलो क्षेत्र गुम्ने र देशमा बेरोजगारी बढ्ने सम्भावना हुने छ,' उनले भने।

जलविद्युत् आयोजना निर्माणमा सिमेन्ट, डण्डी, दुवानीलगायतका उद्योगहरूको प्रत्यक्ष भूमिका हुन्छ। आयोजना बन्न छाडेपछि यी उद्योगहरूले पूर्णक्षमतामा काम गर्न पाउँदैनन्। जसले गर्दा उनीहरूको उत्पादन घट्छ र नयाँ उद्योग खुल्ने सम्भावना न्यून हुने छ। सरकारले १० वर्षमा २८ हजार ५०० मेगावाट विद्युत उत्पादन गर्ने महत्वाकांक्षी लक्ष्य र भारतसँग भएको १० हजार मेगावाट विद्युत् निर्यात गर्ने लक्ष्य अलपत्र पर्ने छ।

प्रस्तुतिमाथि टिप्पणी गर्दै चार्टर्ड एकाउण्टेण्ट नारायण पौडेलले 'टेक एण्ड पे'लाई 'टेक अर पे' बनाउनुको विकल्प नभएको बताए। 'यस्तो संवेदनशील विषय कसले किन, के उद्देश्यका लागि ल्यायो भन्ने प्रश्नको उत्तर पाउन छैन,' उनले भने। अर्का चार्टर्ड एकाउण्टेण्ट घनश्याम पौडेलले ऊर्जा क्षेत्रलाई व्यावसायिक बनाउने होइन, निर्वाहमुखी बनाउने दिशातर्फ अघि बढको बताए। खपत वृद्धि गर्न नसकेको हो भने उत्पादन नै बन्द गर्नेतर्फ लाग्नु दीर्घकालीन रूपमा घातक हुने उनको भनाइ छ।

कार्यक्रममा नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंहले अहिले निर्माण व्यवसायीलाई धेरै कम विद्युत् प्राप्त भइरहेकोमा बजेटको यो व्यवस्थाले निर्माण क्षेत्र पनि अप्ठ्यारोमा पर्ने अवस्था देखिएको उल्लेख गरे। सिमेण्ट उत्पादक संघका पूर्वअध्यक्ष ध्रुव थापाले ऊर्जा उत्पादकलाई कमजोर बनाउँदा समग्र आयोजना निर्माणमा आवश्यक पर्ने सिमेन्ट उद्योग पनि कमजोर हुने बताए।

कर्पोरेट

## विदेश जाने विद्यार्थीका लागि मुक्तिनाथ विकास बैंकको विभिन्न सेवा




**काठमाडौं (प्रस)–** मुक्तिनाथ विकास बैंक लिमिटेडले विदेशमा अध्ययनका लागि जाने बिद्यार्थीहरूले भुक्तानी गर्नुपर्ने भिसा तथा शैक्षिक शुल्कहरू मुक्तिनाथ विकास बैंकबाट गर्न सकिने सेवाको सुरुवात गरेको छ। एक्सपर्ट एजुकेसन तथा भिसा सर्भिस प्रा.लि. महाराजगंज र मुक्तिनाथ विकास बैंक लि. बिच एक सम्झौता गरी शैक्षिक शूल्क भुक्तानी सम्बन्धी कार्यको सुरुवात गरेको हो।

यस सेवा अन्तर्गत उच्च शिक्षा अध्ययनको लागि विदेश जान चाहाने नेपाली विद्यार्थीहरूले भिषा फि, एसएटी, सेभिज फि, पिटिई इक्जाम शुल्क, एप्लिकेशन फि, जीम्याटलगाएतको शैक्षिक शूल्कहरू मुक्तिनाथ विकास बैंकबाट भुक्तानी गर्न सक्ने छन्। यो सेवा हालको लागि बैंकको महाराजगंज शाखा र कमलादी शाखा कार्यालयबाट सुरुवात गरिएको छ। विकास बैंकले डिजिटल कारोबारलाई प्रोत्साहन गर्न भिषा नेटवर्क अन्तर्गतको जुन सुकै बैंकको एटिएमबाट रकम झिक्दा विशेष छुटको व्यवस्था गरिएको छ।

बैंकले हालै मोवाइल एक फाइदा अनेक लिन सक्ने मुक्तिनाथ फाइदा एप संचालनमा ल्याउनुको साथै अन्तरदेशीय क्यूआर भुक्तानी सेवा पनि संचालनमा ल्याएको छ। त्यसै गरी मोबाईल बैंकिङ्ग, अनलाईन कर्जा आवेदन, अनलाईन खाता खोल्ने, ईन्टरनेट बैंकिङ्ग, खाता मै रेमिट्यान्स जम्मा लगाएतका अन्य कार्यहरू बैंकको शाखामा उपस्थित नभई घरबाट गर्न सकिने व्यवस्था गरिएको छ।

## ग्लोबल आइएमई बैंकसँग आइएमई हस्पिटालिटी र इला होटल एण्ड रिसोर्टको सम्झौता

**काठमाडौं (प्रस)–** ग्लोबल आइएमई बैंक लिमिटेडका कार्ड तथा मोबाईल बैंकिङ्ग प्रयोगकर्ताहरूले आइएमई हस्पिटालिटी र इला होटल एण्ड रिसोर्टमा १५ प्रतिशतसम्मको छुट पाउनेछन्। ग्लोबल आइएमई बैंक र आइएमई हस्पिटालिटी तथा इला कम्फोर्ट एण्ड रिसोट प्रा.लि.बिच यससम्बन्धी समझदारीमा हस्ताक्षर भएको छ।

समझदारीमा बैंकका सहायक महाप्रबन्धक दिलिप पोखरेल र आइएमई हस्पिटालिटीका प्रमुख कार्यकारी अधिकृत प्रसन्न अधिकारीले हस्ताक्षर गरेका छन्। समझदारी अनुसार ग्लोबल आइएमई बैंकका डेबिट तथा क्रेडिट कार्डवाहक एवम् बैंकको मोबाइल बैंकिङ्ग 'ग्लोबल स्मार्ट प्लस' प्रयोगकर्ताहरूले आइएमई हस्पिटालिटीद्वारा संचालित होटल तथा रिसोर्टहरूमा १५ प्रतिशत र मौलाकाली केबलकारको टिकटमा १० प्रतिशत छुट पाउनेछन्।




आइएमई समुहको लगानीमा देशका विभिन्न स्थानहरूमा पर्यटक तथा पाहुनाहरूलाई स्तरीय सेवा सुविधा प्रदान गर्न होटल तथा रिसोर्टहरू संचालन गरिरहेको छ। काठमाडौंको होटल ले हिमालय लाजिम्पाट र साके एण्ड फेङ्ग रेस्टुरेन्ट लाजिम्पाट, बागलुङको इला कम्फोट, गैंडाकोटमा इला होटल एण्ड रिसोर्ट मौलाकाली र पोखराको लेकसाइट रिट्रिट सञ्चालनमा ल्याइरहेको छ।

## सुनचाँदीमा लगाउन घोषणा गरिएको कर फिर्ता गर्न माग

**काठमाडौं (प्रस)–** नेपाल सुनचाँदी व्यवसायी महासंघले आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटमार्फत सुन तथा गरगहनामा शून्यबाटै कर लाग्ने गरी भएको घोषणा फिर्ता लिन माग गरेको छ। प्रतिनिधिसभा, अर्थ समितिको बैठकमा सुनचाँदी व्यवसायीले सुन जन्मदेखि मृत्युपछिको संस्कारमासमेत आवश्यकपर्ने हुँदा यसलाई विलासिताका रूपमा नहेरी संस्कार, संस्कृति र सम्पतिका रूपमा बुझिदिन सरकारलाई सुझाव दिए।

महासंघका अध्यक्ष अर्जुन रसाइलीले सुन र गहनामा विभिन्न नाममा ३० प्रतिशतसम्म कर लाग्ने व्यवस्थाले नेपाली व्यवसाय धरासायी हुने बताए। उनले अहिलेकै घोषणा कायम रहेमा नेपालमा सुन महँगो भई उपभोक्ता मारमा पर्नुका साथै हजारौं मजदुरको रोजगारी गुम्न सक्नेतर्फ सचेत रहन आग्रह गरे। खुला सिमाना भएका कारण भारतीय बजारमा पुगेर सहज सुन किन्न वातावरणले राज्यको ठूलो परिमाणमा राजस्व गुम्न सक्ने पक्षमासमेत सजग रहन जरूरी रहेको व्यवसायीको भनाइ थियो।

चालु आर्थिक वर्षमा करिब १० लाखसम्म सुन खरिदमा अतिरिक्त कर लाग्ने व्यवस्था रहेकामा यस पटकको बजेटमा शून्यबाटै कर लाग्ने प्रावधान रहने प्रस्ताव गरेको छ। नेपाल सुन चाँदी व्यवसायी तथा कालीगढ संघर्ष समितिका विपेन्द्र रामुदामु सुनचाँदी व्यवसायीलाई राज्यले हेर्ने र दृष्टिकोणमै परिवर्तन आउन आवश्यक रहेको बताए। नेपालको सुनचाँदी व्यवसायलाई मर्यादित तुल्याउन सहजरूपमा कच्चापदार्थ प्राप्तिको व्यवस्था हुन आवश्यक रहेको बताउँदै उनले सुनचाँदीलगायत रत्न सुन्दरताका लागि मात्र नभइ अप्ठेरो परेका बेला खर्च गर्ने वस्तुका रूपमा बुझिदिन सुझाव दिए।

नेपाल राष्ट्रिय सुनचाँदी व्यवसायी महासंघका अध्यक्ष अर्जुन विश्वकर्माले मुलुकको व्यापार घाटालाई सन्तुलित तुल्याउन महत्वपूर्ण भूमिका खेलेको सुनचाँदी व्यवसायले १२ अर्ब बराबरको राजस्वमा योगदान दिँदैआएको जानकारी दिए। नेपालमा सुनचाँदी रत्न तथा आभूषणका क्षेत्रमा चार खर्बभन्दा बढीको लगानी रहेको बताउँदै उनले नेपालबाट वार्षिकरूपमा चार अर्बभन्दा बढीका गरगहना निर्यात हुँदैआएको तथ्यांक प्रस्तुत गरे।

सुनचाँदी व्यवसाय विस्तारका लागि आवश्यक वातावरण बनाउनुपर्ने, कच्चा पदार्थमा पहुँच विस्तार हुनुपर्ने तथा संकटबाट गुज्रिरहेको व्यवसायलाई सान्त्वना दिन अन्य नीतिगत व्यवस्था घोषणा हुनुपर्ने व्यवसायिको माग छ। नेपाल सुनचाँदी व्यवसायी महासंघका प्रतिनिधि दिपेशरत्न शाक्यले नेपाली समाजका संस्कारसँग जोडिएको तथा महत्त्वपूर्ण नगद सम्पतिकारूपमा रहेको सुनचाँदीका गरगहना जहिले पनि निर्यातको सम्भावना बोकेको बस्तु भएकाले यस व्यवसायको संरक्षण र प्रवर्द्धनमा सरकारको ध्यान जान आवश्यक रहेको बताए।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ